# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण



सेन्टर फर मिडिया रिसर्च-नेपाल

# भ्रष्टाचार र मिडिया

## काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण

सेन्टर फर मिडिया रिसर्च-नेपाल

**भ्रष्टाचार र मिडिया** : काण्ड, पात्र, प्रवृत्ति र विश्लेषण
सम्पादन : तिलक पाठक/ भुवन केसी
भाषा : रघुनाथ लामिछाने
लेआउट : विपेन्द्र घिमिरे
कभर डिजाइन : बासु क्षितिज
प्रकाशन वर्ष : २०८१
ISBN : 9789937171359
DOI : https://doi.org/10.62657/cmr10214

**प्रकाशक**

Center *for* Media Research NEPAL

सेन्टर फर मिडिया रिसर्च-नेपाल
वेब : https://research.butmedia.org/
सामाजिक सञ्जाल : CMRNepal
इमेल : cmrnepal@butmdia.org
© सेन्टर फर मिडिया रिसर्च-नेपाल

**सहयोग**

PURAK ASIA

पुरक एसिया
७७ कुँवर मार्ग, काठमाडौँ-३१
इमेल : info@purakasia.org

*यो पुस्तक पुरक एसियाको सहयोगमा तयार पारिएको हो। यस पुस्तकमा व्यक्त गरिएका विचार, व्याख्या र निष्कर्ष लेखक स्वयंका हुन्। यद्यपि त्यसमा पुरक एसिया सहमत नहुन सक्छ।*

# विषयसूची


**भ्रष्टाचार र मिडिया** १-१८
*तिलक पाठक*

**नेपालमा भ्रष्टाचार : नीति र नियत** २१-६०
*दीपक अर्याल/राजीवरञ्जन सिंह*

**भ्रष्टाचारका ठूला काण्ड** ६३-१२५
*हरिबहादुर थापा*

**मिडियामा भ्रष्टाचारका मुद्दा** १२९-१७१
*भुवन केसी/चेतना कुँवर/जनार्दन नेपाल*

**कोकाकोला कर छली प्रकरण र मिडिया प्रवृत्ति** १७५-२०१
*डा. दिपेशकुमार घिमिरे*

**सिसिटिभी काण्डमा खोजी पत्रकारिता** २०५-२५४
*भुवन केसी/शकुन्तला लोथ्याल*

**भ्रष्टाचारविरुद्धका कार्टुन र प्रतीकको विविधता** २५७–२८७
*डा. कुन्दन अर्याल*


**नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास** २९१–३३७
*तेजमान श्रेष्ठ*

**लेखक परिचय** ३३८–३३९

# नेपालमा भ्रष्टाचार नियन्त्रण : कानुनी व्यवस्था र अभ्यास

तेजमान श्रेष्ठ

https://doi.org/10.62657/cmr10214h


सुशासन
भ्रष्टाचार

## पृष्ठभूमि

समाज जति जति विकसित र सुसंस्कृत हुँदै गैरहेको छ, उति नै सुशासनको प्रत्याभूति पनि चुनौतीपूर्ण बन्दै गैरहेको छ। विश्व बैङ्कले पनि भ्रष्टाचारको समस्या कुनै एक समाजभित्र मात्रै सीमित नभएर सीमापारसम्मको अपराध बन्नुलाई समाजमा प्रविधिलगायतका कारणले ल्याएको बदलावको उपजको रूपमा लिएको छ ।[१] वर्तमान विश्वको प्रमुख शत्रुका रूपमा रहेको 'भ्रष्टाचार' ले नेपाली समाजमा समेत गहिरो जरा गाड्दै गइरहेको छ । यो नेपालको विकास, सुशासन, गरिबी निवारणलगायत समस्याको प्रमुख कारणका रूपमा अगाडि देखिने गरेको छ ।

गरिब र धनी सबै मुलुकमा भ्रष्टाचार विकासको अवरोधकको रूपमा एउटा जटिल समस्याको रूपमा देखापरेको छ ।[२] खासगरी आर्थिकरूपमा कम विकसित राज्यहरूमा भ्रष्टाचार एउटा जटिल समस्याको रूपमा छ । नेपालको परिप्रेक्ष्यमा हेर्दा भ्रष्टाचारले देशको राष्ट्रिय अर्थतन्त्रलाई समेत नकारात्मक प्रभाव पारेको छ। देशलाई समृद्ध बनाउन भ्रष्टाचारको समस्यालाई जरैदेखि निवारण नगरेसम्म आर्थिक

---

१ World Bank. https://www.worldbank.org/en/news/opinion/2023/06/13/corruption-is-a-global-problem-for-development-to-fight-it-we-all-have-a-role-to-play; Accessed 1st July, 2023.

२ Ibid.

उन्नति एवं विकास गर्ने आधारहरू बलियो बन्न सक्दैनन्। भ्रष्टाचारजन्य कार्यलाई निषेध, नियन्त्रण, कारबाही र निरुत्साहन गर्नका लागि नेपाल सरकारले राष्ट्रियरूपमा संवैधानिक तथा कानुनी प्रतिबद्धताका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूसमेत अनुमोदन गरेको छ। सो पश्चात यससम्बन्धी घरेलु कानुनहरू निर्माण गरी कार्यान्वयनका लागि विभिन्न संयन्त्र क्रियाशील छन्।

नेपालको भ्रष्टाचारको अवस्था हेर्नका लागि ट्रान्सपरेन्सी इन्टरनेसनल (टि आइ) ले प्रयोग गर्ने गरेको भ्रष्टाचार अवधारणासम्बन्धी सूचकाङ्कको विश्लेषण उपयोगी हुन्छ। कुन मुलुकमा कति भ्रष्टाचार छ भनेर निरन्तर मापन गर्दै आएको ट्रान्सपरेन्सी इन्टरनेसनलले हरेक वर्ष आफ्नो भ्रष्टाचार अवधारणा सूचकाङ्क प्रतिवेदन प्रकाशन गर्ने गर्छ। सूचकाङ्कमा १०० अङ्कले अति स्वच्छ र ० अङ्कले अति भ्रष्ट जनाउँछ भने ५० भन्दा कम अङ्क प्राप्त भएमा त्यस्ता मुलुक बढी भ्रष्टाचार हुने मुलुकका रूपमा मानिने गरिएको छ। टि आइद्वारा सन् २०११ मा प्रकाशित प्रतिवेदनका अनुसार १०० अङ्कमा २२ अङ्कसहित नेपाल १५४औँ स्थानमा रहेको थियो।[३] १ दशकपछि सन् २०२२ को भ्रष्टाचार सूचकाङ्कमा भने नेपालको अवस्था २०११ को तुलनामा सुध्रेको देखिन्छ। अर्थात उक्त सन् २०२२ मा नेपाल ११०औँ स्थानमा उक्लेको छ जबकि अघिल्लो वर्ष नेपाल ११७औँ स्थानमा थियो। यसरी अघिल्लो वर्षको तुलनामा सामान्य सुधार भएको छ।[४] ट्रान्सपरेन्सी इन्टरनेसनलद्वारा जारी भ्रष्टाचार अवधारणा सूचकाङ्क (सन् २०२२) मा डेनमार्क ९० अङ्क प्राप्त गरी सबै भन्दा कम भ्रष्टाचार हुने मुलुक र सोमालिया १२ अङ्क प्राप्त गरी सबै भन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा सूचीकृत भएका थिए।[५] सन् २०२२ को सो अवधारणा सूचकाङ्कको औसत अङ्क ४३ रहेको

---

३ https://www.transparency.org/en/cpi/2011 ; Accessed 30th July, 2023.

४ भ्रष्टाचार सूचाकाङ्क : नेपाल ११०औँ स्थानमा, अघिल्लो वर्षको तुलनामा सामान्य सुधार। २०७९ माघ १७। नयाँ पत्रिका दैनिक।

५ Transparency Internattional. Annual Corruption Perspective Index Report 2022.

र विश्वका दुईतिहाइ मुलुकमा भ्रष्टाचार गम्भीर समस्याका रूपमा रहेको उल्लेख छ ।

विकसित देश तथा विकासशील देश सबैमा भ्रष्टाचार रहेको दुर्भाग्यपूर्ण सत्य हो भनेर विश्व बैङ्कले उल्लेख गरको छ ।[६] तर देश समाजअनुसार यसको तरिका भने फरक फरक हुन सक्छन् ।[७] विकसित देश भन्दा विकासशील देशमा सरकारप्रति नागरिकको भरोसा कम रहेको छ । सम्पूर्ण दक्षिण एसियाली क्षेत्रका जनतामा सरकारको भूमिकाप्रति आफ्ना जनताको भलाइ गर्ने कि नगर्ने भन्नेमा निकै कमजोर विश्वास रहेको छ ।[८] एक अध्ययनका अनुसार ६० प्रतिशत दक्षिण एसियाली नागरिकहरूले आफ्नो देशको सरकार "केही ठूला संस्थाहरूद्वारा सञ्चालित भएको विश्वास गर्छन् ।"[९] सन् २०१४ मा भ्रष्टाचारबारे नेपाली नागरिकको धारणा बुझ्दा पनि धेरै निराशाजनक थियो। लगभग सबै उत्तरदाताले राजनीतिक दलहरू एकदमै भ्रष्ट छन् भन्ने धारणा व्यक्त गरेका थिए। ९० प्रतिशत नेपालीले राजनीतिक दलहरू भ्रष्ट वा अति भ्रष्ट छन् भन्नेमा विश्वास लाग्छ भनेका थिए ।[१०] त्यसैगरी ८५ प्रतिशतले सरकारी कर्मचारीलाई भ्रष्ट वा अति भ्रष्ट मान्छन् ।[११] यसले राजनीतिक दललगायत सबै क्षेत्र र सरोकारवालाहरूमा भ्रष्टाचार फैलिएको र भ्रष्टाचार बढ्दै गएको छ भन्नेमा जनताको दृढ विश्वास रहेको दर्शाउँछ ।[१२] यसरी नागरिकको नजरमा मुलुकमा भ्रष्टाचार छ भन्ने नै लाग्छ ।

---

६ World Bank. Supra Note 1.

७ Ibid.

८ Shrestha & Sapkota . 2018 AD.

९ Transparency International, Corruption in South Asia: Fact Sheet, https://www.transparency.org/files/content/feature/2014_CorruptionSouthAsia_factsheet_Nepal.pdf; Accessed 30th March, 2018.

१० Transparancy International. Annual Corruption Index Report, 2018.

११ Ibid.

१२ NORAD, Corruption and Anti-Corruption in Nepal: Lessons Learned for the Promotion

सन् २०२२ को प्रतिवेदनमा विश्वका १८० मुलुकमध्ये नेपाल ११० औँ स्थानमा रहे पनि स्कोरको आधारमा नेपाल अति भ्रष्टाचार हुने मुलुकमध्ये नै पर्छ। १०० पूर्णाङ्कमा भुटानले ६८ अङ्क ल्याएर २५औँ स्थान सुरक्षित गर्दा नेपाल भने ३४ अङ्क ल्याएर ११०औँ स्थानमा छ। उत्तरी छिमेकी चीन तथा दक्षिणी छिमेकी भारत एवं दक्षिण एसियाली सहयोग सङ्गठन (सार्क) का सदस्य राष्ट्रहरू श्रीलङ्का र माल्दिभ्सको स्थिति नेपालको भन्दा माथि छ अर्थात् भ्रष्टाचार सूचकाङ्क स्थिति नेपालको भन्दा राम्रो छ। गएको वर्ष सन् २०२३ मा नेपालले ३५ अङ्क पाएको छ जुन सन् २०२२ को तुलनामा १ अङ्क बढी हो र उसको स्थान पनि केही सुधिएको देखिन्छ अर्थात् १८० देशमध्ये १०८औँ स्थानमा परेको छ।[१३] यसरी नेपालले भ्रष्टाचार सूचकाङ्कमा केही न केही सुधार गरेको पक्षचाहिँ सकारात्मक नै हो।

एकातिर नेपालले संविधानमा नै भ्रष्टाचार निवारण गर्ने अङ्गका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ, राष्ट्रिय भ्रष्टाचार विरोधी रणनीति अवलम्बन गर्नुका साथै राष्ट्रिय सतर्कता केन्द्र जस्ता कानुनी एवं नीतिगत संरचना र संस्थाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ भने अर्कोतिर भ्रष्टाचार नियन्त्रणका लागि विद्यमान नीति तथा कानुनी व्यवस्थाहरू र संरचनाहरूमा गम्भीर समस्या रहेका छन्। यस लेखमा भ्रष्टाचार न्यूनीकरणमा कानुन र संरचनाहरूको महत्त्व, *भ्रष्टाचार र सुशासनबीचको सम्बन्ध,* भ्रष्टाचार नियन्त्रणका उपायहरू, भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास, नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था, भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा विद्यमान संस्थागत संरचनालगायतबारे चर्चा छ।

## भ्रष्टाचार न्यूनीकरणमा कानुन र संरचनाहरूको महत्त्व

विश्वव्यापीरूपमै समस्या रहेको भ्रष्टाचार गरिब तथा धनी दुवै मुलुकमा रहे पनि तुलनात्मक हिसावले गरिब मुलुकमै बढी हुने गरेको छ।

---

१३ Transparency International. Annual Corruption Perspective Index Report 2023.

'हरेक वर्ष विकासशील मुलुकहरूमा १ खर्ब डलर र विश्वमा २ खर्ब डलर भ्रष्टाचार हुने गरेको विभिन्न अनुसन्धानले देखाएका छन् ।'[१४] अर्थात् सङ्ख्यात्मकरूपमा विकासशील भन्दा विकसित देशमा भ्रष्टाचार हुने रकम दोब्बर देखिए पनि मुलुकको अर्थतन्त्रको हिसाबले विकासोन्मुख मुलुकमा हुने भ्रष्टाचारको मात्रा बढी छ । भ्रष्टाचारको जरालाई निर्ममतापूर्वक काट्न सकिएन भने स्रोत र साधनमा हुन जाने दुरुपयोग वा दोहनको कारण नेपाली समाज अझै लामो समयसम्म यही अवस्थामा अल्झिरहन सक्छ ।

## सैद्धान्तिक अवधारणा

राज्य तथा शासन मानव सभ्यता एवम् आवश्यकताको उपज हो । साधारण अर्थमा शासनले सार्वजनिक निर्णय निर्माण र शक्तिको प्रयोगको प्रक्रियालाई जनाउँछ भने सुशासनलाई असल शासनले जनाउँछ ।[१५] विश्व बैङ्कले सुशासनलाई अनुमानयोग्य, खुला र उन्नत नीति निर्माण, कर्मचारीतन्त्रमा व्यावसायिक मान्यता भएको, कार्यकारी निकाय आफ्ना कार्यका लागि जवाफदेही हुने र सक्रिय नागरिक समाज र सबै कानुनी शासनप्रति समर्पित रहेको अवस्थालाई इङ्गित गरेको छ ।[१६] भ्रष्टाचार नियन्त्रण गरी सुशासन प्रत्याभूत गर्न नागरिक समाजको भूमिका अहं हुन्छ र त्यसका लागि समाज लागिपरेको छ भन्ने विश्वास पनि नेपाली समाजमा प्रबल छ ।[१७] सुशासनका लागि विश्व बैङ्कले इङ्गित गरेका माथिका तत्त्वहरूको अभावमा समाजमा भ्रष्टाचारको मात्रा बढ्दै जान्छ । सुशासन कायम गर्ने कुरामा सबै भन्दा ठूलो समस्याका रूपमा भ्रष्टाचार छ । बेलायती विख्यात चिन्तक तथा प्राध्यापक लर्ड एक्टनका अनुसार शक्तिले मानिसलाई भ्रष्ट बनाउँछ र अत्यधिक शक्ति केन्द्रीकरणले


---

[१४] खड्का । २०७७ ।

[१५] कोइराला र अन्य । २०७० ।

[१६] World Bank. 2010. *Governance: The World Bank's Experience, 1994.* Washington D.C: The World Bank, p. 65.

[१७] Bhattarai. 2010.


सुशासनका आयाम
राजनीतिक आयाम
व्यवस्थापकीय आयाम
नैतिक आयाम
- लोकतान्त्रिक शासन व्यवस्था
- जनसहभागिताको परिचालन
- गरिबमुखी शासन आदि ।
- लोकतान्त्रिक शासन व्यवस्था
- जनसहभागिताको परिचालन
- गरिबमुखी शासन आदि ।
- भ्रष्टाचार निवारण
- आचरण र व्यवहारमा सुधार
- पारदर्शिता र स्वच्छता आदि ।

मानिसलाई अत्यधिक भ्रष्ट बनाउँछ ।[१८] अर्थात् शक्तिको दुरुपयोग गर्न माानिस जहिले पनि उद्यत हुन्छ नै तर असीमित अधिकारले जहिले पनि भ्रष्ट र निरङ्कुश शासक जन्माउने सम्भावना रहिरहन्छ ।

व्यक्ति वा संस्थाले विद्यमान कानुन नमानेर वा सो कानुनलाई आफूअनुकूल बनाएर वा अनुकूल प्रयोग गरेर आफूखुसी एकाधिकार प्रयोग गरी कुनै जवाफदेहिता बहन गर्न नपर्ने अवस्थामा मानवमा स्वच्छ आचरण र जवाफदेहिताको समेत अभाव हुन्छ । यसर्थ भ्रष्टाचार हुनका लागि कानुनी पक्ष नभएर मानिसको सामाजिक पक्षको पनि उत्तिकै महत्त्व हुन्छ । जुन समाजले खराब आचारण स्वीकार्छ, त्यहाँ स्वभाविकरूपमा भ्रष्टाचार बढी हुन्छ ।

सुशासन र भ्रष्टाचारको विपरीत सम्बन्ध हुन्छ र यो सम्बन्धलाई राजनीतिक व्यक्ति, राज्यले सार्वजनिक सेवा प्रदान गर्ने निकायको सेवा व्यवस्थापन र राजनीतिक वृत्त, सेवाप्रदायक र सेवा उपभोक्ताको समेत नैतिक पक्षलाई समेटेर हेरिनुपर्छ। सुशासनलाई राजनीतिक, व्यवस्थापकीय र नैतिक आयाममा हेरिनुपर्ने अवधारणा उचित नै हो ।[१९]

भ्रष्टाचारलाई सामाजिक मूल्यका आधारमा, नियामक दृष्टिकोणमा र सांस्कृतिक अनुभूतिको दृष्टिकोण गरी ३ तहले परिभाषित गर्न सकिन्छ । पहिलो तरिकामा समाजले कस्ता व्यवहार र आचरणलाई भ्रष्टाचारका रूपमा लिन्छ भन्ने हो भने दोस्रो तरिकामा उक्त मुलुकको कानुनले कसरी त्यसलाई परिभाषित गरेको छ र त्यसलाई कसरी दण्डित गर्ने व्यवस्था गरेको छ भन्ने हो। तेस्रो तरिका भनेको उक्त समाजमा रहेका सदस्यहरूले सांस्कृतिकरूपमा कसरी भ्रष्टाचारलाई अनुभूत गरेका हुन्छन् भन्ने हो। यी ३ तहको दृष्टिकोणमध्ये प्रथम र तेस्रोलाई एकै स्थानमा राखेर कानुनी र सामाजिक दृष्टिकोणका रूपमा वर्गीकरण गर्दा भ्रष्टाचारप्रतिको बुझाइ अझै सहज हुन जान्छ ।

---

[१८] Action Institute. https://www.acton.org/research/lord-acton ;Accessed 30th July 2023.

[१९] कोइराला र अन्य । २०७० ।

## भ्रष्टाचार र सुशासनबीच सम्बन्ध

कानुनको शासनको उचित प्रयोग भएमा स्रोत र साधनमा न्यायिक ढङ्गले सबै वर्गको पहुँच पुग्छ तर शासन/प्रशासनका नाममा सुशासनको समेत गलतरूपमा प्रयोग गरिएको अवस्था हुन सक्छ। खराब शासनका कारण 'गरिब, महिला र अल्पसङ्ख्यकलगायत धेरै मानिसले आधारभूत सेवाहरूको पहुँचमा घुस दिनुपर्ने बाध्यात्मक स्थिति रहेको छ।[२०] क्यानेडियन प्राध्यापक लि बिल्लोनले भ्रष्टाचार सामाजिक र राजनीतिक पक्षको एउटा हिस्सा भएकाले भ्रष्टाचार भइरहने भन्दा पनि यसको तौरतरिकाको परिवर्तनबाट द्वन्द्व निम्तन सक्ने खतरा रहेको औंल्याएका छन्।[२१] यस्तो अवस्थाले विभिन्न समूहबीच भ्रष्टाचारका विभिन्न स्वरूपहरूमा प्रतिस्पर्धा भई दीर्घकालीन हिंसाको स्थिति आउन सक्छ।[२२] यसरी भ्रष्टाचारबाट समाजमा स्रोत/साधनको अनधिकृत दोहन र लुट मात्र हैन कि यसले दीर्घकालीन सशस्त्र हिंसा पनि जन्माउन सक्छ।

सुशासनका लागि भ्रष्टाचार नियन्त्रण अति आवश्यक पूर्वसर्त हो। जुन मुलुकमा सुशासन हुन्छ, त्यस मुलुकमा सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउने कार्य गरिन्छ भने त्यसको विपरित जुन मुलुकमा भ्रष्टाचार हुन्छ त्यस मुलुकमा सार्वजनिक प्रशासनलाई मनमुखी, गैरजवाफदेही, अपारदर्शी, असमावेशी तथा जनसहभागिताबिहीन बनाउने कार्य हुन्छ ।[२३] तसर्थ सुशासन र भ्रष्टाचारबीचको सम्बन्ध विपरित हुन्छ अर्थात् भ्रष्टाचार व्याप्त हुँदा वा मौलाउँदा सुशासन कमजोर हुन्छ भने सुशासन बलियो हुँदा भ्रष्टाचारमा कमी आउँछ वा बाधा उत्पन्न हुन्छ।

समाजलाई सभ्य तथा सुसंस्कृतरूपमा सञ्चालन गर्नका लागि आवश्यक पर्ने अत्यावश्यक कडीमध्ये कानुन पनि हो। सामाजिक मूल्य/मान्यता र समाजको लक्ष्यको परिप्रेक्ष्यमा राज्यको विधायिकाले

---

[२०] जोशी। २०८०।

[२१] P. 2003.

[२२] जोशी। २०८०।

[२३] कोइराला र अन्य। २०७०।

कानुन निर्माण गर्ने गर्छ । वर्तमान समाजलाई धमिराले खोक्रो पारेझैँ भ्रष्टाचारले खोक्रो पारिरहेको अवस्थामा यस कार्यलाई दुरुत्साहन गर्नका निम्ति विभिन्न किसिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू निर्माण हुनुका साथै लागु भएको पाइन्छ । भ्रष्टाचार न्यूनीकरणका लागि कानुन र संरचनाहरू मुख्यत: फौजदारी प्रकृतिको आवश्यक पर्छ भन्ने धारणा समाज र कानुनको क्षेत्रहरूमा रहेको पाइन्छ । भ्रष्टाचार न्यूनीकरणका लागि फौजदारी मात्र नभई अन्य विधाका कानुनको समेत आवश्यकता पर्ने गर्छ ।

## भ्रष्टाचारको कारण

भ्रष्टाचारका कारणबारे चर्चा गर्नुपर्दा यसलाई २ दृष्टिकोणबाट हेर्नुपर्ने हुन्छ । पहिलो आवश्यकतामा आधारित दृष्टिकोण र दोस्रो लोभलालचमा आधारित दृष्टिकोण ।[२४] भ्रष्टाचारका यी २ कारणमा पहिलो भन्दा दोस्रो अझै भयाबह र हानिकारक छ किनकि पहिलो कारणअन्तर्गत व्यक्तिले आफ्नो सामान्य दैनिक आवश्यकता पूरा गर्नका लागि गरेको हुन्छ भने दोस्रोचाहिँ उसले शक्तिको दुरुपयोग गर्न, प्रणाली आफूअनुकूल चलाउन आदि कारणले गरेको हुन्छ । भ्रष्टाचार निराकरण गर्न पनि जति पहिलो दृष्टिकोणअन्तर्गतका अपराधमा सहज र सम्भव हुन्छ, दोस्रोमा हुँदैन । साथै यसले समाजमा पार्ने असर पनि पहिलोको तुलनामा दोस्रोको कैयौँ गुणा बढी र भयाबह हुन्छ ।

व्यावहारिकरूपमा भ्रष्टाचारका विभिन्न कारण हुन सक्छन् । जस्तै- राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, कानुनी, प्रशासनिक आदि । यी सबै कारणलाई सम्बोधन गरे मात्रै भ्रष्टाचारलाई समष्टिगतरूपमा निवारण गर्न सकिन्छ जुन एकदमै चुनौतीपूर्ण कार्य हो जसका लागि राजनीतिक नेतृत्व तहमा दृढ इच्छाशक्ति र इमान्दारिता, कार्यान्वयन गर्ने कर्मचारी संयन्त्रमा इमान्दारिता र प्रतिबद्धता तथा नागरिक समाज र समाजका सदस्यमा भ्रष्टाचारलाई अस्वीकार गर्ने सामाजिक मूल्य र अनुभूति दुवै

---

[२४] कोइराला र अन्य । २०७० ।

चाहिन्छ। तर 'नेपालको परिप्रेक्ष्यमा नागरिक समाज राजनीतिक दलसँगको सहकार्य र उनीहरूलाई औँला ठड्याउने दुवै मामलामा कमजोर छन्।'[२५] नेपालको नागरिक समाज भ्रष्टाचारविरुद्धको खबरदारी (ह्विस्टल ब्लोइङ्) मा राजनीतिक दलप्रतिको भक्तिभावले सो कार्यलाई इमान्दारिताका साथ गर्न सकिरहेका छैनन्।[२६] यसरी भ्रष्टाचार हुनुमा सो कर्ताबाहेक त्यहाँको सामाजिक मूल्य र त्यसप्रतिको अनुभूति पनि उत्तिकै जिम्मेवार रहन्छ। साथै सो निवारणमा क्रियाशील सरकारी निकायको भूमिका पनि उत्तिकै जिम्मेवार हुन्छ।

कानुनी छिद्रका आधारमा पनि भ्रष्टाचार हुने गरेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफैँले २०७५ सालमा गरेको सुशासनसम्बन्धी एउटा सर्वेक्षणका सहभागीमध्ये ३० दशमलव ४ प्रतिशतले नेपालमा नीतिगत भ्रष्टाचारको समस्या बढेको बताएका छन्।[२७] कानुनीरूपमै भ्रष्टाचारजन्य कार्यलाई संरक्षण प्रदान गर्नुले पनि भ्रष्टाचारलाई बढावा दिने तथ्यलाई नजर अन्दाज गर्न सकिँदैन। ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल (टिआइ नेपाल)ले नीतिगत निर्णयको अख्तियारले अनुसन्धान नगर्ने प्रावधान भ्रष्टाचारको अन्त्यमा बाधक रहेकाले उक्त प्रावधान खारेज गर्न आह्वान गर्दै आएको छ।[२८] टिआइ नेपालले राजनीतिक नेतृत्व तहको संलग्नतामा हुने ठूला भ्रष्टाचारहरूका मुद्दामा उन्मुक्ति दिइएकोप्रति गम्भीर सरोकार व्यक्त गर्दै आयल निगमको जग्गा खरिद प्रकरण, वाइडबडी र न्यारोबडी जहाज खरिद प्रकरण, नेपाल ट्रस्टका जग्गाहरू यती कम्पनीलाई लिजमा दिइएको प्रकरण, सेक्युरिटी प्रेस खरिद सम्बन्धमा तत्कालीन मन्त्रीको अडियो प्रकरण र स्वास्थ्य सामग्री खरिदमा ओम्नी समूहद्वारा गरिएको व्यापक अनियमिततासम्बन्धी प्रकरणसमेतको अविलम्ब अनुसन्धान गरी दण्डहीनता अन्त्य गर्न आह्वान गरेको थियो।[२९] त्यसमध्ये विशेष

---

[२५] Panday. 2018.

[२६] Shrestha and Sapkota. 2018 (AD).

[२७] अख्तियार दुरुपयोग अनुसन्धान आयोग अध्ययन प्रतिवेदन, २०७५।

[२८] ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको २०७९ असोज ४ गतेको पत्र।

[२९] ट्रान्सपरेन्सी इन्टरनेसनल। २०७७ भदौ २८ को प्रेस वक्तव्य। नेपालले भ्रष्टाचारको

अदालतले २०८० साल असार १५ गते आयल निगमका पूर्वकार्यकारी निर्देशक गोपाल खड्कालाई अकुत सम्पत्ति आर्जनमा दोषी ठहर गर्दै १ वर्ष ३ महिना कैद र साढे ९ करोड बिगोबमोजिमको जरिवाना तोकेको छ।[३०] भ्रष्टाचारीलाई सजाय गर्नु उत्साहजनक भए पनि भ्रष्टाचारका ठूला मुद्दाको सर्वोच्चमा पालो नआएर न्याय निरुपण हुन ढिलाइ हुँदा वास्तविक भ्रष्टाचारीलाई फाइदा पुग्ने र विनाकारण मुद्दा झेल्नुपर्नेको हकमा अन्याय पर्न गएको छ।

शान्ति प्रक्रियाको थालनीसँगै राजनीतिक सङ्कटका कारण सङ्क्रमणकालमा ४ वर्ष भन्दा बढी समयदेखि पूर्ण आयोग बन्न नसक्दा भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक दलको कमजोरी रहेको देखियो।[३१] राजनीतिक दलको भ्रष्टाचार नियन्त्रणप्रतिको प्रतिबद्धताको अभाव र सो संस्थालाई प्रयोगका कारण पनि नेपालमा भ्रष्टाचार नियन्त्रण र निवारणमा अपेक्षित प्रगति नभएको हो। भ्रष्टाचार निवारणका लागि मिडिया, राजनीतिक दल, चुनावी पद्धति, संवैधानिक निकायको संरचना र कार्यशैलीले अहं भुमिका निर्वाह गर्छ। चुनाव प्रणाली र चुनावी प्रतिस्पर्धा विचार, सिद्धान्त, नीति तथा कार्यक्रममा जनमत सङ्ग्रह जस्तो नभएर पार्टी नेतृत्वहरूले छानेका व्यक्तिलाई केवल वैधता दिने प्रक्रिया जस्तो हुँदा राजनीति अभिजात वर्गको कब्जामा जान्छ। भ्रष्टाचार संस्थागत भएको देशमा नियन्त्रण कताबाट सुरु गर्ने भन्ने चुनौती त छँदैछ, समाजले नै भ्रष्टाचारलाई एकखालको वैधता दिएको अवस्थामा नियन्त्रण झनै कठिन हुन्छ।[३२] तसर्थ भ्रष्टाचारले सामाजिक वैधता पाउनु सबै भन्दा नराम्रो अवस्था हो।

---

अन्त्यमा बाधक रहेको उक्त प्रावधान खारेज गर्न आह्वान गर्दै आएको छ (२०७९ असोज ४ गतेको पत्रमा समेत सो कुरा उल्लेख छ)।

[३०] पहिलोपोष्ट। २०८०।

[३१] Shrestha and Sapkota. 2018 (AD).

[३२] तिमिल्सिना। २०८०।

## भ्रष्टाचारको असर

भ्रष्टाचारको समुल अन्त्य र सुशासनको बहाली गहन राष्ट्रिय लक्ष्य रहँदै आएको छ तथापि भ्रष्टाचार छ्याप्छ्याप्ती छ जसका कारण मुलुकको अन्तर्राष्ट्रिय छविसमेत गिरेको छ। दिन/प्रतिदिन झाङ्गिँदै गएको भ्रष्टाचार थुप्रै आर्थिक-सामाजिक समस्या मात्र नभएर गम्भीर राजनीतिक समस्याहरूको कारकसमेत हो जसले संविधानले परिकल्पना गरेको समतामूलक विकास र समृद्धिसहितको न्यायमूलक नेपाली समाज निर्माण गर्न बाधा पुऱ्याइरहेको छ। विगतको सशस्त्र द्वन्द्व, सामाजिक आन्दोलनहरूको कारक तत्त्व समेत रहेको भ्रष्टाचारलाई उचित सम्बोधन गर्न सकिएन भने यसले भविष्यमा अर्को यस्तै आन्दोलन वा क्रान्ति निम्त्याउन सक्छ। विख्यात मानव अधिकारविद् बर्ट्रान्ड रामचरनको भनाइ छ कि हरेक रात करोडौँ मान्छे भोक भोकै सुत्छन्, यसकारण भोकै सुत्छन् कि संसारमा उनीहरूलाई खुवाउने पर्याप्त खाद्यान्न छैन किनकि यहाँ स्रोत र साधनको व्यवस्थापनमा भद्रगोल र मनलागी छ।[३३] अर्थात स्रोत व्यवस्थापनमा राज्य जिम्मेवार छैनन् भने केही थोरै मान्छेले ती स्रोत/साधनमाथि असीमित पहुँच राख्छन्। संयुक्त राष्ट्र सङ्घका पूर्वमहासचिव वान की मुन र पूर्वमानव अधिकार उच्चायुक्त नाभी पिलेइका अनुसार भ्रष्टाचार मानव अधिकार र लोकतन्त्रको ठूलो चुनौती हो।[३४] यसले परोक्षरूपमा गरिबी र सीमान्तमा रहेका नागरिकको ज्यानै लिने उद्घोष गर्दै नाभी पिलेइ भन्छिन्- "भ्रष्टाचारका कारण आर्थिक स्रोतको चोरी नहुने हो भने खाद्य पहुँचको अभावमा प्रत्येक दिन भोकै सुत्ने विश्वका ८७ करोड जनसङ्ख्यालाई बर्सेनि खुवाउन पुग्छ।"[३५] यसरी झण्डै संसारमा ९ मध्ये १ जना स्रोत/साधनमाथिको भ्रष्टाचारका कारण भोकभोकै परिरहेका छन्।

---

[३३] Betrand Ramcharan. Quoted in Tejman Shrestha. Justiciability of Right to Food: A Case of Nepal. LLM Thesis, 2012, Nepal Law Campus, Faculty of Law, Tribhuvan University (Unpublished work).

[३४] कोइराला र अन्य। २०८०।

[३५] Piallay. 2013.

भ्रष्टाचारको कारण विश्वमा पुग्न गएको असर ज्यादै गम्भीर छ। भ्रष्टाचारको असरलाई निम्नानुसार चित्रण गर्न सकिन्छ:[३६]

तालिका १ : **भ्रष्टाचारको असर**

| १. **आममानिसमा पर्ने असर** | २. **समाजमा पर्ने असर** | ३. **अर्थतन्त्रमा पर्ने असर** |
|---|---|---|
| • गुणस्तरीय सेवाको अभाव<br>• उचित न्यायको अभाव<br>• बेरोजगारी<br>• प्रदूषण<br>• अन्य | • पदाधिकारीप्रति अनादर<br>• शासकप्रति सम्मानको कमी वा अभाव<br>• सरकारप्रति विश्वासको कमी | • बैदेशिक लगानीमा कमी<br>• आर्थिक वृद्धिमा सुस्तता<br>• विकासको अभाव |

भ्रष्टाचार मानव समाजको समृद्धिको बाधक हो। नेपाल सङ्घीय शासन प्रणालीमा गएपछि शक्ति र आर्थिक स्रोतसँगै भ्रष्टाचार पनि तलैदेखि संस्थागत भयो।[३७] दार्शनिक चाणक्यले कौटिल्यको अर्थशास्त्रमा "बरु आकाशमा चराले हिँडेको बाटो पत्ता लगाउन सकिन्छ तर भ्रष्टाचारीले गरेको भ्रष्टाचार पत्ता लगाउनु झन कठिन हुन्छ" भनेका छन्।[३८] चाणक्यले औंल्याए जस्तै भ्रष्टाचारको चङ्गुलबाट मुक्ति पाउन त्यति सहज छैन। अन्तर्राष्ट्रिय परिवेशमै मानव समुदाय र राज्य संरचनामा दिनानुदिन फराकिलो र जटिल बन्दै गइरहेको कारण भ्रष्टाचार नियन्त्रण प्रमुख चुनौतीका रूपमा रहँदै आएको छ।[३९] यसर्थ भ्रष्टाचार हुने तरिकाहरू थाहा पाउन र त्यसलाई नियन्त्रण गर्न राज्यले निकै मेहनत गर्नुपर्ने देखिन्छ।

---

[३६] कोइराला र अन्य। २०८०।

[३७] जोशी। २०८०।

[३८] S.K. 2001.

[३९] जोशी। २०८०।

## भ्रष्टाचार नियन्त्रणका उपायहरू

भ्रष्टाचार नियन्त्रणका लागि निरोधात्मक, अनुसन्धान तथा अभियोजन जस्ता कानुनको कार्यान्वयन, शिक्षा तथा जनचेतना अभिवृद्धि, अनुगमन र समन्वयात्मक जस्ता गतिविधिहरू आवश्यक हुन्छन् । यी सबै कार्य कतिपय मुलुकमा एउटै निकायबाट र कतिपय मुलुकमा फरक फरक निकायहरूबाट हुने गरेको पाइन्छ। "भ्रष्टाचारका गतिविधिमा देखिने सधैँको नवप्रवर्तन सार्वकालिक उपस्थिति तथा यसले पुऱ्याउन सक्ने क्षतिलाई आकलन गर्दा भ्रष्टाचार नियन्त्रणको कार्य चुनौतीपूर्ण तर अपरिहार्य हो ।"[४०] यसरी भ्रष्टाचार हरेक समाजमा हुने तर सो कार्यका लागि अवलम्बन गरिने नयाँ-नयाँ अभ्यासले यसलाई निरन्तर चुनौतीपूर्ण बनाएको छ। यसका लागि औपचारिक संरचना मात्र नभएर अनौपचारिक शक्तिको सहभागितालाई प्रोत्साहित गर्न सके यस्तो कार्य दिगो र प्रभावकारी हुन जाने र थप सिर्जनशील हुनेसमेत पौडेलको दृष्टिकोण छ ।[४१] भ्रष्टाचार निवारण गर्नका लागि ४ वटा महत्त्वपूर्ण उपायहरू यसरी सुझाइएको छ-

> *भ्रष्टाचार नियन्त्रणको उपाय पारदर्शी कारोबार हो। हरेकको आम्दानी र खर्च पारदर्शी मात्रै बनाउन सक्ने हो भने भ्रष्टहरूले टाउको लुकाउने ठाउँ हुने थिएन। यसका लागि मजबुत कानुनको तर्जुमासहित संसद्मा विचाराधीन विधेयक पारित गर्नु पहिलो समाधान हो। दोस्रो, समाधानका रूपमा भ्रष्टाचारविरुद्धको महासन्धिको परिपालना हो। तेस्रो, संविधान र कानुनले खडा गरेका संरचनाको इमानका साथ क्रियाशीलता हो। चौथो, सार्वजनिक ओहदामा रहेका हरेकको आम्दानी र खर्च सार्वजनिक गर्ने परम्पराको थालनी हो।*[४२]

भ्रष्टाचार नियन्त्रण गर्ने उपायअन्तर्गत प्रबर्द्धनात्मक, निरोधात्मक र दण्डात्मक उपायहरू पर्छन्।[४३] भ्रष्टाचार नियन्त्रणका उपाय निम्न छन् :

---

[४०] पौडेल। २०७७।

[४१] ऐ.ऐ. पृ.७६३।

[४२] देवकोटा। २०८०।

[४३] कोइराला र अन्य। २०८०।

१) **प्रबर्द्धनात्मक** उपायहरूअन्तर्गत सामुदायिक शिक्षा, प्रचार-प्रसार, अनुसन्धान तालिम, सङ्घ, प्रदेश, जिल्ला वा स्थानीय तह स्तरमा सेमिनार, अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र सहयोग आदान-प्रदान गर्ने आदि विषय पर्छन्। प्रबर्द्धनात्मक उपाय अवलम्बन गरेर विद्यालयको प्राथमिक तहदेखि उच्च तहको विश्वविद्यालय शिक्षासम्म नै विद्यार्थीमाझ यो सामाजिक र नैतिकरूपमा अस्वीकार्य र कानुनीरूपमा अपराध हो भन्ने अवधारणा बनाउने र जो सेवा प्रदान गर्छन् वा प्राप्त गर्छन्, सबैलाई भ्रष्टाचार विरोधी अवधारणा निर्माणमार्फत यसलाई निरुत्साहन गर्न सम्भव छ।

२) **निरोधात्मक** उपायअन्तर्गत भ्रष्टाचारजन्य कार्य हुनबाट रोक्ने कार्यहरू पर्छन् । यसअन्तर्गत आचारसंहिता बनाइ लागु गर्ने, कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने, निरीक्षण र अनुगमन गर्ने, नीतिगत सुझावहरू दिने, भ्रष्टाचार हुन सक्ने संभावित क्षेत्रमा निगरानी बढाउने आदि विषय पर्छन्। निरोधात्मक उपायबारे संयुक्त राष्ट्रसङ्घीय महासन्धि, सन् २००३ मा प्रत्येक राज्य पक्षले आफ्नो कानुनी प्रणालीका आधारभूत सिद्धान्तहरूको अनुकूल हुने गरी सामाजिक सहभागिताको अभिवृद्धि हुने, कानुनको शासनका सिद्धान्तहरू प्रतिविम्बित हुने एवं सार्वजनिक सम्पत्ति र सार्वजनिक कार्यहरूको समुचित व्यवस्थापन गरिने, इमान्दारी, पारदर्शिता र जवाफदेहिता कायम रहने गरी भन्ने व्यवस्था छ।[४४] यसरी भ्रष्टाचार हुनुपूर्व नै निरोधको उपायलाई प्रभावकारी बनाउन सके दण्डात्मक भन्दा कम खर्च र क्षतिमा नै भ्रष्टाचारलाई प्रभावकारी ढङ्गले निरोध गर्न सकिन्छ।

३. **दण्डात्मक** उपाय विशुद्ध कानुनी पाटो हो र अन्तिम औजारसमेत हो जसमा भ्रष्टाचारजन्य कार्यहरू कानुनद्वारा दण्डित गरिएको हुन्छ । सोका लागि त्यस्तो घटनाउपर उजुरी सुन्ने, अनुसन्धान गर्ने, अभियोजन गर्ने, सो आधारमा न्यायिक निकायबाट ठहर गरी दण्ड गर्नेलगायत कार्यको प्रकृति हेरी विभागीय कारबाही गर्ने, ध्यानाकर्षण गराउने, सचेत गराउने, असुलउपर गराउने, दुष्परिणाम सच्याउनेसमेतका विषय पर्छन्।

---

[४४] भ्रष्टाचारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००३ परिच्छेद २, भ्रष्टाचारविरुद्धका निवारणात्मक उपायहरू धारा ५ ।

## भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

संसारभर सबै मुलुकमा भ्रष्टाचार हुने गरेको छ ।[४५] विभिन्न मुलुकले भ्रष्टाचारविरुद्धको कारबाही गर्नलाई आफ्नो मुलुकमा राष्ट्रिय कानुन तथा संयन्त्रहरू निर्माण गरेका छन् । यसलाई मानव जातिकै साझा समस्याका रूपमा स्वीकार गरेर राज्यहरूले घरेलु कानुन र संयन्त्रका अलावा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयरूपमा पनि संयन्त्रहरू निर्माण गरेका छन् ।

## अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तहमा निर्मित कानुनी औजारहरू

संयुक्त राष्ट्रसङ्घअन्तर्गत मुख्यत: भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी औजारका रूपमा अन्तरदेशीय सङ्गठित अपराधविरुद्ध संयुक्त राष्ट्र महासन्धि, २०००[४६] तथा भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्र महासन्धि २००३[४७] छन् । त्यस्तै क्षेत्रीयरूपमा युरोपेली महादेश, अफ्रिका र दक्षिण अमेरिकामा समेत संयन्त्रहरू निर्माण गरिएको छ जसमध्ये भ्रष्टाचार नियन्त्रणसम्बन्धी क्षेत्रीय स्तरका मुख्य अन्तर्राष्ट्रिय कानुनी संयन्त्रहरू निम्नबमोजिम छन्-

१. अमेरीकी महादेशीय भ्रष्टाचार विरोधी महासन्धि, सन् १९९६
२. युरोपेली महादेशीय सरकारी कर्मचारी भ्रष्टाचारमा संलग्न हुने कार्य विरोधी महासन्धि, सन् १९९७
३. भ्रष्टाचार विरोधी लिमा घोषणापत्र, सन् १९९७
४. भ्रष्टाचारसम्बन्धी फौजदारी कानुन महासन्धि, सन् १९९७ (युरोपेली परिषद्)
५. भ्रष्टाचारसम्बन्धी देवानी कानुन महासन्धि, सन् १९९७ (युरोपेली परिषद्)
६. भ्रष्टाचार रोकथाम र सोविरुद्ध लड्ने अफ्रिकी युनियनको महासन्धि, सन् २००३
७. अन्तर्राष्ट्रिय व्यावसायिक कारोबारका वैदेशिक अन्तर्राष्ट्रिय (सार्वजनिक कर्मचारी) लाई दिइने घुससम्बन्धी ओइसिडी महासन्धि, सन् १९९७

यसरी विश्वमण्डलीय स्तर र क्षेत्रीय स्तरमा देशभित्रै हुने, देश-देशबीच

---

[४५] World Bank. See Footnote 1.

[४६] United Nations Convention Against Transnational Organized Crime, 2000.

[४७] United Nations Convention Against Corruption, 2003.

हुने कारोबार र वैदेशिक सहायता कारोबारका क्रममा हुने भ्रष्टाचार नियन्त्रण गर्नका लागि कानुनी औजारहरू भने तय भइसकेका छन् ।

## विभिन्न मुलुकका असल अभ्यास

संसारमा सुशासन अझ खासगरी आर्थिक अनुशासन कायम गर्ने मुलुकहरूले भ्रष्टाचारमा शून्य सहनशीलताको दृष्टिकोण अवलम्बन गरेका छन्। दक्षिण अफ्रिकी संवैधानिक अदालतले भ्रष्टाचारको सहनशीलता मानव अधिकार र लोकतन्त्रका लागि घातक हुने स्पष्ट पारेको छ।[४८] सङ्गठितरूपमा हुने भ्रष्टाचार दण्डनीय अपराध हुनुका साथै मानव अधिकारको उल्लङ्घनसमेत भएको तथ्य भारतीय सर्वोच्च अदालतले स्वीकारेको छ।[४९] सबै मुलुकको अभ्यासको समीक्षा गर्न सम्भव नभएकाले केही प्रतिनिधिमूलक मुलुकहरूको सङ्क्षिप्त चर्चा गरिएको छ-

**जापान** : जापानमा भ्रष्टाचार विरोधी कानुनी व्यवस्था निकै बलियो छ। सार्वजनिक सेवाप्रदायकले भ्रष्टाचार गरे कसुर हेरी ५ वर्षदेखि २० वर्षसम्म जेल सजाय हुने र घुस वा रिसवत रकम जफत हुने व्यवस्था छ।[५०] संसारमा सबै भन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा जापान पनि छ।[५१] जापानमा कानुनमा मात्र नभएर सामाजिक मूल्य र नागरिक अनुभूतिमा पनि भ्रष्टाचार अस्वीकार्य छ।

**सिङ्गापुर** : संसारमा सबै भन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा सिङ्गापुरलाई लिइन्छ। भ्रष्टाचारको मुद्दा हेर्ने सरकारी निकायका रूपमा सिङ्गापुर भ्रष्टाचारजन्य अभ्यास आयोग (सि.पि.आइ.बि.)[५२] छ जसले

---

[४८] भारतीय संवैधानिक अदालतको मुद्दा नम्बर सिसिटी २७/००, फैसला मिति २८ अक्टोबर २००२।

[४९] सिबिआइमार्फत स्टेट अफ महाराष्ट्र वि. बालाकृष्ण दतात्रय कुम्भारसमेत, फैसला मिति १५ अक्टोबर २०१२)।

[५०] Japanese Penal Code, 1907; Section 197 and 198.

[५१] GAIN INTEGRITY. https://ganintegrity.com/country-profiles/japan/; https://www.globallegalinsights.com/practice-areas/bribery-and-corruption-laws-and-regulations/japan; Retrived 20th July 2023.

[५२] Singapore Corrupt Practices Investigation Bureau (CPIB); https://www.cpib.gov.sg/; Retrieved 10th June 2024

सार्वजनिक तथा निजी दुवै क्षेत्रको भ्रष्टाचारका मुद्दाको अनुसन्धान तथा अभियोजन गर्ने गर्छ ।[५३] सिङ्गापुरमा कानुनमा मात्र नभएर सामाजिक मूल्य र नागरिक अनुभूतिमा पनि भ्रष्टाचार अस्वीकार्य छ ।

**संयुक्त अधिराज्य बेलायत तथा उत्तरी आयरल्यान्ड** : बेलायतमा भ्रष्टाचार नियन्त्रण गर्न सरकारले समयसापेक्ष कानुन निर्माण र कार्यान्वयनमा जोड दिएको छ ।[५४] बेलायती समाज नागरिकको आचरण निर्माणमा पनि उत्तिकै सजग छ । दोस्रो विश्वयुद्धताका लडाइँमा खटिएका सैनिकलाई चिया खुवाउन नागरिकलाई सार्वजनिक आह्वान गर्दा नागरिकको भिड सरकारले सोचेको भन्दा कैयौं गुणा बढी भएको किस्सा अहिले पनि वेलायती समाजमा सुन्न पाइन्छ। बेलायत टि.आइ.को प्रतिवेदनमा सन् २०२१ मा ७८ अङ्क सहित ११औँ स्थानमा थियो भने[५५] सन् २०२२ मा यो केही खस्किएर १८औँ स्थानमा झरेको छ ।[५६] बेलायतमा सरकारीतवरमा नै यो खस्काइविरुद्ध चासो बढेको छ ।[५७] बेलायतमा कानुनमा मात्र नभएर सामाजिक मूल्य र नागरिक अनुभूतिमा पनि भ्रष्टाचार अस्वीकार्य छ ।

---

[५३] Corruption in Singapore is generally perceived as one of the lowest in the world. Cases are mostly handled by the Singapore Corrupt Practices Investigation Bureau (CPIB), a government agency in Singapore that investigates and prosecutes corruption in the public and private sectors.

[५४] UK Bribery Act 2010 up to the Criminal Finances Act 2017 बेलायतमा सन २०१० मा घुस सम्वन्धी ऐन २०१०, २०१७ मा आपराधिक कार्यमा वित्तीय सहयोग ऐन २०१७ जारी गरी घुस र आपराधिक कार्यमा हुने वित्तीय सहयोगलाई नियन्त्रण गर्ने प्रयास गरेको छ ।

[५५] The House of Lords, The Parliament of the UK. In Focus: Effects of corruption in the UK. Published Tuesday, 04 October, 2022, Avaialable at https://lordslibrary.parliament.uk/effects-of-corruption-in-the-uk/; Retrieved 10th June 2024.

[५६] Transparancy International. 2022. See Footnote 5.

[५७] The House of Lords. 2022. See Supra note 55.

## उत्तरी युरोपेली मुलुकहरू

उत्तरी युरोपेली मुलुकहरू अर्थात स्कान्डेनिभयन राष्ट्रहरू नर्वे, फिनल्यान्ड, डेनमार्क आदिलाई अम्बुड्सम्यान[५८] सम्बन्धी अवधारणाको प्रणेताका रूपमा लिइन्छ र सन् १८०९ मा पहिलोपल्ट यस्तो संस्था स्विडेनमा जन्म्यो भने त्यसपछि फिनल्यान्ड र डेनमार्कमा।[५९] लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गर्ने मुलुकमा राज्यका प्रमुख ३ अङ्गमध्ये कार्यपालिकाले गर्ने एकाधिकार, मनोमालिन्य, जबर्जस्तीपन, बद्नियतपूर्ण, दूराचार वा भ्रष्टाचारजन्य कार्य रोक्ने सशक्त माध्यमका रूपमा अम्बुड्सम्यानको उदय उन्नाइसौँ शताब्दीको पूर्वार्द्धबाट भएको मानिन्छ ।[६०] अम्बुड्सम्यानलाई सरकारले गरेको गलत कार्य विशेषगरी भ्रष्टाचारजन्य र अनुचित कार्य रोक्ने र दण्डित गर्ने कार्यमा अदालत भन्दा छिटोछरितो र सजिलो माध्यमका रूपमा लिने गरिएको छ। अम्बुड्सम्यानको प्रमुख उद्देश्य नागरिकका हक अधिकारहरूको संरक्षण गर्ने र मुलुकमा कानुनी शासनका साथै सुशासन स्थापना गर्नु हो ।

अम्बुड्सम्यान प्रशासकीय विकृति र विसङ्गति एवं प्रशासकीय अधिकारीहरूले गरेको अधिकारको दुरुपयोग रोक्न अदालत भन्दा पृथकरूपमा जनताका गुनासा सुनी हेरी छिटोछरितो माध्यमद्वारा कार्य गर्ने एउटा स्थायी संस्था हो । चेतनाथ घिमिरेका[६१] अनुसार यसले राजकीय शक्ति वा अधिकारको दुरुपयोग गरेको र जनताको काममा हुने ढिलासुस्ती वा अवस्थालाई हटाउँछ। विश्वव्यापी गाउँमा परिणत भएको आजको युगमा स्वतन्त्र, स्वायत्त, अविच्छिन्न, स्वशासित कार्यपालिकाबाट भिन्न निकायका रूपमा अम्बुड्सम्यानको प्रारम्भ र प्रयोगलाई क्रमशः विस्तार गर्दै लगिएको छ। आफ्ना नागरिकलाई पुर्‍याउनुपर्ने सेवामा सम्बन्धित पदाधिकारीहरूले गल्ती, त्रुटि वा मनोमानी गरेको पाइएमा निजलाई सजाय गर्नेसहितको

---

[५८] Ombudsman भन्ने शब्द स्विडिस भाषाबाट आएको र उक्त भाषामा ombus भन्नाले कसैको प्रतिनिधि वा प्रवक्ता भन्ने अर्थ लाग्छ।

[५९] https://nordics.info/show/artikel/preview-ombudsman-1; Retrieved 1th Aug 2023.

[६०] Aarhus Univeristy. https://nordics.info/show/artikel/preview-ombudsman-1; Retrieved 9th Aug. 2023.

[६१] घिमिरे। २०६९।

कार्यादेश पाएको निकाय अम्बुड्सम्यानले आफ्नो कार्यादेशको सफल कार्यान्वयनसमेत गर्दै आएको छ ।

स्विडेनले प्रारम्भ र प्रयोग गरेको अनुभव हेरी त्यसको धेरै लामो समयपछि फिनल्यान्डले सन् १९०९ मा, डेनमार्कले सन् १९५३ मा र नर्वेले सन् १९६३ मा यसको प्रारम्भ गरे । यसरी उत्तरी युरोपेली मुलुकहरूले गरेको सुरुवात र त्यसबाट प्रशासनको ज्यादति, बदमासी, भ्रष्टाचार, दुराचार रोक्ने कार्यमा सफल रहेको र ज्यादै लोकप्रिय भएको अम्बुड्सम्यानको प्रयोग संसदीय प्रणाली भएका मुलुकहरूले समेत प्रारम्भ गरे । जसमा न्युजिल्यान्डले सन् १९६२ मा र बेलायतले सन् १९६६ मा प्रारम्भ गरेपछि विश्वका धेरै (एक सय भन्दा बढी) मुलुकले अम्बुड्सम्यानको स्थापना गरी शासकीय र प्रशासकीय शुद्धता कायम गर्ने कार्यको थालनी गरेका छन् ।[६२] अम्बुड्सम्यानको व्यवस्था युरोपमा फ्रान्स र एसियामा भारतमा समेत कुनै न कुनै रूपमा रहेको पाइन्छ ।

**भारत** : अम्बुड्सम्यानको व्यवस्था भारतमा समेत गरिएको छ । भारतको लोकपाल एवं लोकायुक्त ऐन, २०१३ द्वारा स्थापित लोकपाल सार्वजनिक प्रशासनमा हुने भ्रष्टाचारजन्य कार्यको अनुसन्धान र अभियोजन गर्ने निकाय हो । भारतीय उक्त भ्रष्टाचार प्रतिरोधी निकायलाई ऐनले नै सर्तात्मकरूपमा प्रधानमन्त्री, सङ्घीय मन्त्रीहरू, संसद्का सदस्यहरूलाई समेत भ्रष्टाचारजन्य कसुरको अनुसन्धानको क्षेत्राधिकार रहने व्यवस्था गरेको छ जुन व्यवस्था नेपालको व्यवस्था भन्दा विस्तृत हो ।[६३]

भारतले लोकतन्त्र र कानुनको शासन मान्ने मुलुकमा कोही पनि कानुन भन्दा माथि हुँदैन, जतिसुकै उच्च तहको पदाधिकारी किन नहोस्, ऊ आफ्नो जुनसुकै निर्णयप्रति उत्तरदायी र जवाफदेही बन्नैपर्छ भनेर सर्तात्मकरूपमा सर्वोच्च कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई पनि यस ऐनको कार्यादेशभित्र समेटेको छ । यसरी उक्त ऐनले प्रधानमन्त्रीलाई समेत यस किसिमको उन्मुक्ति दिएको देखिँदैन । बरु दफा १४(१)(क) मा विषयगतरूपमा

---

[६२] घिमिरे । २०६९ ।

[६३] Lokpal and Lokayuktas Act, 2013 of India. Section 14 (भारत लोकपाल एवं लोकायुक्त ऐन २०१३, दफा १४) ।

अन्तर्राष्ट्रिय सम्बन्ध, आन्तरिक तथा बाह्य सुरक्षा, सार्वजनिक व्यवस्था, अणु ऊर्जा र अन्तरिक्ष जस्ता संवेदनशील विषयमा लिएका निर्णयका सन्दर्भमा प्रधानमन्त्रीलाई लोकपालको अनुसन्धानको दायराबाहिर राख्ने गरी व्यवस्था गरिएको छ । उक्त ऐनमा देशमा विशेष अदालत गठन लोकपालले गरेको सिफारिसअनुसार गर्ने व्यवस्थासमेत उक्त ऐनमा छ ।

## नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था

नेपालको औपचारिक लिखित कानुन जारी हुँदादेखि नै भ्रष्टाचार नियन्त्रण समेट्ने गरिएको पाइएको छ । भ्रष्टाचार नियन्त्रणको कानुनी भन्दा पनि साङ्केतिक र नैतिक महत्त्व छ। पृथ्वीनारायण शाहले दिव्योपदेशमा भ्रष्टाचार गर्ने व्यक्तिलाई देशका शत्रुको सङ्ज्ञा दिएका छन्। राजा राजेन्द्रको १८५५ सालको लालमोहरमा घुस रिसवत नखानू भनिएको र राजा सुरेन्द्र शाहद्वारा जारी १९१० सालको मुलुकी ऐनमा हाकिमका नाउँमा कराउन्याको महलमा भ्रष्टाचारको उजुरी सुन्ने क्षेत्राधिकारसम्बन्धी व्यवस्था गरिएको थियो ।[६४]

विभिन्न विकासका चरणहरू पार गर्दै नेपालले भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुनमा समसामयिक सुधार गर्न विशेष ऐनका रूपमा भ्रष्टाचार निवारण ऐन, २०५९ जारी गऱ्यो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, विशेष अदालत ऐन, २०५९ न्याय परिषद् ऐन, २०७३ सपुर्दगी ऐन, २०७० पारस्परिक कानुनी सहायता ऐन, २०७० सङ्गठित अपराध निवारण ऐन, २०७० कानुन पनि भ्रष्टाचार नियन्त्रणसम्बन्धी ऐनहरू हुन्।

## भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा भएका संवैधानिक व्यवस्था

### संवैधानिक विकासक्रम

नेपालमा वि.सं. २०१९ सालको नेपालको संविधानको संशोधन २०३२[६५] पछि मात्र अख्तियार दुरुपयोग निवारण आयोगको व्यवस्था गरेकामा वि.सं. २०४७, २०६३ र वर्तमान संविधानले एक सशक्त र शक्तिशाली

---

[६४] बन्जाडे । २०८० ।

[६५] नेपालको संविधान (२०१९) को दोश्रो संशोधन २०३२ ।

संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका रूपमा स्थापना गरी कार्यसम्पादन हुँदै आएको छ। यसरी २०३२ सालमा पञ्चायती संविधानमा गरिएको दोस्रो संशोधनबाट स्थापित अख्तियार दुरुपयोग निवारण आयोगलाई २०४७ सालको संविधानमा थप सशक्त बनाइ निवारणको सट्टा अनुसन्धान आयोग बनाइयो। त्यसको अतिरिक्त भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम राष्ट्रिय सतर्कता केन्द्रको स्थापना भई कानुनबमोजिम आफ्नो कार्य गर्दै आएको छ।

नेपालको संविधान, २०१९ मा गरिएको दोस्रो संशोधन २०३२ ले भाग १० ग धारा ६७ ग थप गरी अख्तियारको दुरुपयोग हटाउन एक अख्तियार दुरुपयोग निवारण आयोग रहनेछ भन्ने व्यवस्था गरेबाट नेपालमा अख्तियार दुरुपयोग निवारण (हालको अनुसन्धान) आयोगको औपचारिकरूपमा स्थापना भएको हो। सो आयोगलाई अख्तियार दुरुपयोगसम्बन्धी अनुसन्धान गर्ने अधिकारका साथै मुद्दा हेर्नेसमेत अख्तियारी संविधानले प्रदान गरेको थियो।

नेपाल अधिराज्यको संविधान, २०४७ ले भाग १२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिकल्पना गरी कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने व्यवस्था गरेको थियो।[६६] यस संविधानले आयोगलाई मुख्यरूपमा सार्वजनिक पद धारण गरेको व्यक्तिले गर्ने अनुचित कार्य र भ्रष्टाचारसम्बन्धी अख्तियारको दुरुपयोगको अनुसन्धान र तहकिकातको अधिकार प्रदान गरेको थियो। (नेपालको) अन्तरिम संविधान, २०६३ ले[६७] भाग ११ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिकल्पना गरी २०४७ को संविधानबमोजिमकै अधिकार क्षेत्र प्रदान गरेको पाइन्छ।

नेपालले संवैधानिकरूपमा नै आयोगको व्यवस्था गरेको छ भने सोका लागि विशेष कानुन निर्माणसमेत गरी त्यसका लागि संवैधानिक

---

[६६] नेपाल अधिराज्यको संविधान, २०४७ धारा ९८।

[६७] संविधानको नामको परिभाषित गर्दा अन्तरिम संविधान, २०६३ मात्र भनिएको छ।

संयन्त्रहरूसमेत निर्माण गरेको छ। नेपालको संविधानको प्रस्तावनामा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा उल्लेख छ। त्यस्तै राज्यको नीति, निर्देशक सिद्धान्त खण्डमा धारा ५०(३) मा अनुशासन र मर्यादा कायम गर्ने भन्ने उल्लेख छ। धारा ५१ ट (३) "राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिक सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने उल्लेख छ।" संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी विशेष व्यवस्था पनि छ।

## वर्तमान संवैधानिक व्यवस्था

नेपालको संविधानले समेत राज्यमा सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको बिषयमा अनुसन्धान गर्न/गराउन एक सक्षम र कार्यपालिकीय हस्तक्षेपमुक्त संवैधानिक आयोगका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिकल्पना गरेको छ। यद्यपि विगतको संविधानको तुलनामा यस संविधानले आयोगको क्षेत्राधिकारमा सार्वजनिक पद धारण गरेको व्यक्तिले गर्ने अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको बिषयमा अनुसन्धान तहकिकात गर्ने क्षेत्राधिकारमा भने कटौती गरेको छ।[६८] यसरी आयोगको क्षेत्राधिकारलाई सङ्कुचित गरिएको छ।

वर्तमान नेपालको संविधानको धारा २३८ ले 'कुनै सार्वजनिक पद धारण गरेको व्यक्ति' ले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले अनुसन्धान गर्न वा गराउन सक्ने स्पष्ट व्यवस्था छ। संविधानमा 'छुट्टै व्यवस्था भएको पदाधिकारी' र अन्य कानुनले जवाफदेहीको 'छुट्टै विशेष व्यवस्था गरेको पदाधिकारी' को हकमा मात्रै अपवाद सिर्जना गरिएको छ। त्यस्तो अपवाद सर्वकालिक नभएर केवल निज पदमुक्त नभएसम्मका लागि मात्र हो तर व्यवहारमा भने यसको कमै अभ्यास भएको छ।

आयोगले 'धारा १०१ बमोजिम महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पदमुक्त हुने न्यायाधीश र सैनिक

---

[६८] Shrestha and Sapkota. 2018 (AD).

ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा निज पदमुक्त भइसकेपछि सङ्घीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सकिनेछ' भन्ने व्यवस्था गरेको छ जसले बहाल रहुन्जेल अनुसन्धान गर्न नसके पनि यो अपवाद निजहरू पदमुक्त भएपछि नरहने देखिन्छ । यो आयोगको जवाफदेहिताका लागि संविधानको धारा २९३ मा व्यवस्था गरिएको छ। सङ्घीय संसद्अन्तर्गतको प्रतिनिधि सभाको समितिले संवैधानिक निकायको काम कारबाहीको अनुगमन गर्ने व्यवस्था छ। सो समितिले 'संवैधानिक निकायको प्रतिवेदनलगायतका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्नेछ' भन्ने व्यवस्था छ। यसरी यस आयोगलाई जनप्रतिनिधिहरूको सर्वोच्च संस्थाप्रति जवाफदेही बनाइएको छ ।

## नेपाल पक्ष रहेको संयुक्त राष्ट्रसङ्घीय महासन्धि

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, सन् २००३[६९] लाई अनुमोदन गरी त्यसको पक्ष राष्ट्र बनेको छ। महासन्धिको कार्यान्वयन गर्न सरकारले बनाएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०६९ मार्फत पनि सबै भ्रष्टाचारजन्य कामकारबाही अपराध हुने कानुनी प्रबन्ध गरेर भ्रष्टाचार निवारण गर्ने वाचा गरेको देखिन्छ। महासन्धिको प्रस्तावनामा नै सुशासनको प्रत्याभूतिका लागि सबै राज्यको सहकार्य र हरेक राज्यले आफूले घरेलु कानुनको व्यवस्था गर्नुपर्ने स्मरण गराइएको छ। नेपालले उक्त महासन्धि अनुमोदन गरेर भ्रष्टाचारसम्बन्धी अन्तर्राष्ट्रिय जगत्मा स्वीकार गरिएको कानुनी व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता देखाएको कुरा प्रशंसनीय छ -

*महासन्धिको धारा ५ मा प्रभावकारी र समन्वयात्मकरूपमा भ्रष्टाचार विरोधी नीतिहरू विकसित गर्ने, लागु गर्ने र*

---

६९ नेपालले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००३ लाई २३ फेब्रुअरी सन् २०११ मा अनुमोदन गरेको हो।

*कायम राख्ने भन्ने छ । त्यस्तै धारा ६ मा भ्रष्टाचार विरोधी निवारणात्मक निकायहरू गठन गर्ने भन्ने छ ।*

सोहीअनुसार नेपालले पनि घरेलु संयन्त्रहरू निर्माण गरेको छ ।

## ऐनको व्यवस्था

### *अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८*

संविधानको व्यवस्थाअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यादेश र कार्यविधिका लागि २०४६ सालको प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन जारी गरिएको छ । सो आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिको व्यवस्था गर्न बनेको यस ऐनले मुख्यरूपमा ३ वटा व्यवस्था गरेको पाइन्छ-

**क. अनुचित कार्यको परिभाषा** : ऐनको दफा ३ मा सार्वजनिक पद धारण गरेको व्यक्तिले जानी जानी वा लापरबाहीसाथ आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको, कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मकरूपले अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको, आफूलाई प्राप्त अधिकार सम्बन्धित कानुन, निर्णय वा आदेश विपरित अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको, आफ्नो तजबिजी अधिकार बदनियत साथ वा स्वेच्छाचार ीरूपमा प्रयोग गरेको, अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिइ कुनै अनधिकृत कार्य गराएकोलाई अनुचित कार्यका रूपमा परिभाषा गरिएको छ । त्यसैगरी आफूले गर्नुपर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहाँ पठाइ आफ्नो उत्तरदायित्व पन्छाएको, आफ्नो पदको प्रकृतिअनुसार पालन गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरेको, आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दवाब दिइ वा प्रलोभनमा पारी आफ्नो अनुकूलको काम गराएको, आफूलाई पदीय हैसियतले प्राप्त उन्मुक्ति, सुविधा वा सहुलियतको दुरुपयोग गरेकोलगायत कार्यलाई अनुचित कार्य मानिएको छ ।

**ख. आयोगको क्षेत्राधिकार** : ऐनले संविधानबमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अख्तियारको दुरुपयोग गरेमा आयोगले अनुसन्धान र तहकिकात गर्ने तथा मुद्दा चलाउने तथा तत्सम्बन्धी अन्य कारबाही गर्ने अधिकार प्रदान गरेको छ। त्यसैगरी संसद् वा समितिको बैठकमा भएको काम/कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिकरूपमा गरेको कुनै नीतिगत निर्णय र अदालतको न्यायिक काम/कारबाहीका सम्बन्धमा अनुसन्धान र तहकिकात तथा तत्सम्बन्धी कुनै कारबाही गर्न आयोगलाई प्रतिबन्ध गरेको छ।

आयोगले महाभियोग प्रस्ताव पारित भई पद मुक्त हुने व्यक्ति, न्याय परिषद्बाट पद मुक्त हुने न्यायाधीश र सैनिक ऐनबमोजिम कारबाही हुने व्यक्तिका हकमा बहाल रहेसम्म अनुसन्धान गर्न नपाउने तर निज पद मुक्त भइसकेपछि सङ्घीय कानुनबमोजिम अनुसन्धान गर्न वा गराउन सक्ने[७०] भन्ने व्यवस्था छ। तसर्थ नीतिगत निर्णयको नाउँमा निरपेक्ष उन्मुक्ति दिनुको कहीँकतै औचित्य स्थापित हुँदैन। संविधानमा परिभाषित दायरालाई विधायिकी कानुनले फुकाउन वा खुम्च्याउन सक्दैन। धारा २३९(६) मा पनि कानुन बनाउने संसद्को अधिकार संविधानले तोकेका काम, कर्तव्य र अधिकारको अतिरिक्त थप काम, कर्तव्य र अधिकार तोक्न तथा आयोगको कार्यविधि निर्धारण गर्ने प्रयोजनमा सीमित गरिएको छ।

साथै स्वेच्छाचारीरूपमा क्षेत्राधिकार खुम्च्याउने कार्य धारा ५१ (ख) को देहाय (४) मा अभिव्यक्त सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई सुशासन प्रत्याभूति गर्ने उद्देश्यको पनि विपरीत हुन्छ। संविधानले यस्तो नीतिगत निर्णयको नाममा अनुसन्धान हुन नसक्ने कपटपूर्ण व्यवस्था गर्न अनुमति दिँदैन। जुन कुरा प्रत्यक्ष गर्न अनुमति दिँदैन सो कुरा घुमाउरो पाराले पनि गर्न हुँदैन।[७१] यसरी सार्वजनिक निकायलाई जवाफदेही तुल्याउने सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

---

[७०] नेपालको संविधान, धारा २३९ उपधारा (२)।

[७१] श्रेष्ठ। २०७७।

क्षेत्राधिकारमा सङ्कुचन ल्याउने कार्यले भ्रष्टाचार निवारणलाई सहयोग पुग्न सक्दैन ।

**ग. प्रक्रियागत प्रावधान** : संविधान र ऐनले आयोगलई प्रदान गरेको अधिकार र कर्तव्यहरू पालना गर्नका लागि ऐनले आयोगलाई विभिन्न विधिवत् प्रक्रियाहरूसमेत व्यवस्था गरिदिएको छ । अख्तियार दुरुपयोगको सम्बन्धमा छानबिन, अभियुक्तलाई थुनामा राख्ने, मुद्दा चलाउनेलगायतका कार्यविधिगत व्यवस्थाहरूसमेत ऐनमा व्यवस्था छ ।

**घ. अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक**[७२] : राष्ट्रिय सभामा सरकारी विधेयकका रूपमा टेबुल भएको यस विधेयकले मूल ऐनमा केही सारभूत संशोधन गर्न खोजेको छ। खासगरी ऐन, २०४८ को दफा ४(ख) को मुख्य विषय हो ।[७३] यसले नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको निर्णयलाई नीतिगत घुम्टो ओढाएर आयोगको क्षेत्राधिकार बाहिर राख्छ। यस व्यवस्थालाई विगतदेखि नै राजनीतिक तहबाट पालेर राखिएको छ ।

हाल सङ्घीय मन्त्रिपरिषद्को तहमा सीमित रहँदै आएको यो अनुचित 'कानुनी उन्मुक्ति' लाई अहिले प्रदेश तहसम्म विस्तार गर्ने प्रस्ताव गरिएको छ । मूल ऐनको साविक दफा ४ लाई प्रतिस्थापित गर्ने गरी ल्याइएको दफा ४ को प्रतिबन्धात्मक व्यवस्थाको २ नं. मा नीतिगत निर्णयलाई उन्मुक्ति प्रदान गरिएको छ-

> *'सङ्घीय संसद्, प्रदेश सभा वा सोअन्तर्गतका समितिको बैठकमा भएको काम/कारबाही वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा नेपाल सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले वा प्रदेश सरकार, मन्त्रिपरिषद् वा सोको कुनै समितिले गरेको कुनै नीतिगत निर्णय वा अदालतको न्यायिक काम/कारबाहीका*

---

[७२] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को तेस्रो संशोधन विधेयक वि. सं. २०७६ माघ ६ गते राष्ट्रिय सभामा सरकारी विधेयकका रूपमा टेबुल भएको थियो र सो विधेयक २०७९ चैत १२ गते सभाले पास गरेको थियो ।

[७३] चापागाईं । २०८० ।

*सम्बन्धमा आयोगबाट यस ऐनअन्तर्गत अनुसन्धान, तहकिकात वा अन्य कुनै कारबाही हुने छैन।'*[७४]

यस प्रकारको छद्मभेषी कानुन निर्माणले सुशासनलाई थप कमजोर बनाउँछ।[७५] सार्वजनिक पदाधिकारीहरू आफ्ना कार्यका लागि सर्वसाधारणप्रति जवाफदेही बनाइनुपर्छ। आयोगले समेत व्यक्तिगत वा समूहगत स्वार्थ रहेका सार्वजनिक खरिद जस्ता विषयमा समेत मन्त्रिपरिषद्मा पेस गरी निर्णय गर्ने गरिएको र नीतिगत निर्णयहरूको स्पष्ट परिभाषा र व्याख्या नहुँदा अप्ठेरो परेको तथ्य स्वीकार्दै आएको छ।[७६] नीतिगत निर्णयको नाउँमा निरपेक्ष उन्मुक्ति दिनुको कहीँकतै औचित्य स्थापित हुँदैन। औचित्यहीन अपवादलाई मान्यता दिने संविधानको कुनै पनि आशय देखिँदैन। यसलाई अविलम्ब जरैदेखि नियोजन गर्न जरुरी छ। संविधानले यस्तो कपटपूर्ण व्यवस्था गर्न अनुमति दिँदैन।[७७] कस्ता कस्ता मुद्दामा कार्यकारी प्रमुखलाई उन्मुक्ति दिने हो भनेर भारतीय लोकपाल लोक आयुक्त ऐन, सन् २०१३ ले भने जस्तै हाम्रो ऐनमा पनि समयसापेक्ष सुधार हुनुपर्छ। जवाफदेहिताको अभाव हुने गरी दिइने आमउन्मुक्तिले सुशासन प्रत्याभूत गर्न सक्दैन।

## भ्रष्टाचार निवारण ऐन २०५९

भ्रष्टाचारको कसुरमा अनुसन्धान, तहकिकात, मुद्दा दायरीको सारवान र कार्यविधिगत प्रावधानहरूलाई नियमित गर्न विशेष ऐनका रूपमा बनेको यो ऐन भ्रष्टाचार नियन्त्रणका लागि मुख्य कानुनका रूपमा छ। यस ऐनले परिच्छेद २ मा भ्रष्टाचारको परिभाषा गरेको छ। जसमा-

१. रिसवत लिने/दिने, बिनामूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने/दिने, दान, दातव्य वा चन्दा लिने/दिने (आफूले सम्पादन गर्नुपर्ने काममा कुनै प्रकारले असर पर्ने गरी), कमिसन लिने,

---

[७४] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक २०७६।

[७५] श्रेष्ठ। २०७७।

[७६] ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको २०७९ भदौ ५ को पत्र।

[७७] चापागाईं। २०८०।

२. राजस्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानि पुऱ्याउने बद्नियतले काम गर्ने,
३. गलत लिखत तयार गर्ने,
४. गलत अनुवाद गर्ने, गैरकानुनीरूपमा सरकारी कागजात सच्याउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सानी गर्ने,
५. प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने,
६. गैरकानुनी व्यापार/व्यवसाय गर्ने,
७. नपाएको ओहदा पाएँ भन्ने,
८. झुटा विवरण दिने,
९. सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने,
१०. गैरकानुनी दबाब दिने,
११. गलत प्रतिवेदन दिने

लगायतको राष्ट्रसेवकका कार्यलाई समेटको छ। प्रारम्भिक छानबिन, अभियुक्तलाई थुनामा राख्न सक्ने, अन्य निकायको सहयोग लिन सक्ने, स्थान छोड्न बन्देज गर्न सक्ने, राहदानी जारी नगर्न वा रोक्का राख्न सम्बन्धित निकायलाई निर्देशन दिन सक्नेलगायतको व्यस्था गरेको छ। भ्रष्टाचारजन्य कार्यहरूको मुहानमै नियन्त्रण गर्नका लागि यसको निगरानी गर्न प्रधानमन्त्रीको रेखदेखमा राष्ट्रिय सतर्कता केन्द्र स्थापना गर्न सकिनेसमेत व्यवस्था छ।

यस ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक, २०७६[७८] मा परीक्षालाई थप व्यवस्थित बनाउने व्यवस्था गरिएको छ जसअनुसार परीक्षामा प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने, उत्तर पुस्तिकामा फेरबदल जस्ता कार्य गर्ने व्यक्तिलाई ३ महिनादेखि १ वर्षसम्म कैद र रु.

[७८] Available at https://na.parliament.gov.np/uploads/attachments/3gsulbqv29xgzbkt.pdf; Retrieved 1st Aug 2023. यो विधेयक राष्ट्रिय सभाले पास गरी प्रतिनिधि सभामा पठाएकोमा हाल प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन छ। (प्रतिनिधि सभाका प्रवक्ता श्री एकराम गिरी तथा राज्य व्यवस्था तथा सुशासन समितिका सचिव सुरजकुमार दुरासँग मिति २०८१ जेठ २२ गते गरेको कुराकानीका आधारमा)।

५ लाखसम्म जरिवाना गर्ने प्रस्ताव गरिएको छ।[७९] यस व्यवस्थाले मेरिटोक्रेसीको सम्मान गर्ने देखिन्छ।

विधेयकको अर्को नयाँ व्यवस्था भनेको यसले निजी क्षेत्रमा हुने भ्रष्टाचारलाई पनि क्षेत्राधिकारमा समेटको छ। निजी क्षेत्रको भ्रष्टाचार नियन्त्रण र नियमन प्रभावकारी हुनुपर्ने भए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई यो पनि दायित्व थपिँदा यसको कार्य सम्पादन थप बोझिलो बन्नेछ। अहिले पनि सार्वजनिक क्षेत्रमै आयोग प्रभावकारी नभैरहेको अवस्थामा निजी क्षेत्रको पनि जिम्मा लगाएर थप भारी बोकाउनु भन्दा व्यापक अध्ययन र समग्र सरोकारवालासँग परामर्श गरेर अलग्गै कानुनी प्रबन्ध गर्नु उपयुक्त हुनेछ।

विधेयकले हदम्याद सम्बन्धमा थप नयाँ व्यवस्था दफा ४५ मा गरेको छ जहाँ भ्रष्टाचारसम्बन्धी घटना भएको थाहा पाएको मितिले ५ वर्षभित्र अनुसन्धान सुरु गरी निर्णय लिइसक्नुपर्ने अन्यथा अनुसन्धान गर्न पाइने छैन भन्ने व्यवस्था थियो। संसद्को सार्वजनिक लेखा समितिमा छलफल भएपछि यो व्यवस्था हटाइयो। दोस्रो हो, घुस दिने र घुस लिने दुवै पक्ष दण्डित हुनुपर्छ। यसका अतिरिक्त संवैधानिक प्रावधान र मर्मविपरीत नीतिगत भ्रष्टाचारका नाममा हुने ठूला ठूला भ्रष्टाचारका मामिलाबारे नियन्त्रक निकायले अनुसन्धान गर्न नपाइने गरी ऐनमा भएको व्यवस्थालाई परिमार्जन गर्न राष्ट्रिय सभाले उपयुक्त देखेको छैन। यस प्रकार संसद्बाट भ्रष्टाचारलाई प्रोत्साहन दिने काम भइराखेको छ।[८०] यसरी विधायिकी प्रक्रियावाट भ्रष्टाचारलाई प्रोत्साहन दिँदा भ्रष्टाचार थप संस्थागत हुन्छ।

मूल ऐनको दफा ५० उपदफा ३ मा केही खास व्यवस्था थप गरिएको छ जसमा खास तह, समूह वा निकायमा कार्यरत राष्ट्रसेवकलाई राजपत्रमा सूचना प्रकाशन गरी सम्पत्ति विवरण पेस गर्न नपर्ने गरी तोक्न सक्ने भन्ने छ। यो व्यवस्था भ्रष्टाचारलाई संस्थागत गर्न गरिएको नीतिगत भ्रष्टाचारको एउटा स्वरूप हो।

---

[७९] मूल ऐनको दफा १३ को सट्टा संशोधन प्रस्ताव गरिएको दफा १३ मा त्यस्तो व्यवस्था राखिएको हो।

[८०] मैनाली। २०८०।

## भ्रष्टाचार नियन्त्रणका लागि नेपालमा विद्यमान संस्थागत संरचना

नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी सरकारी स्तरमा मात्र दर्जन भन्दा बढी संरचना क्रियाशील छन् । त्यसमध्ये अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण विभाग, न्यायपालिका र संसदीय समितिबारे यहाँ सङ्क्षिप्त चर्चा गरिएको छ-

### अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार विरोधी राष्ट्रिय रणनीति अवलम्बन गरेर भ्रष्टाचारजन्य कार्यको अनुसन्धानमा कार्यकारी अधिकार प्रयोग गर्ने गरी स्वतन्त्र र व्यावसायिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कानुनी तथा नीतिगत संरचना र संस्था स्थापना गरी सञ्चालनमा ल्याइएको हो । अख्तियारको क्षेत्राधिकारमा नीतिगत निर्णयमा अनुसन्धान नहुने तथा महाभियोगबाट पद मुक्त हुने पद र न्याय परिषद्बाट कारबाही हुने भन्दा अन्यमा रहेकाले क्षेत्राधिकारका हिसावले यसको भुमिका कमजोर छैन तर जुनरूपमा अनुसन्धान र अभियोजन हुन्छ, त्यसमा भने सन्तुष्ट हुने अवस्था छैन ।

आयोगको गठन निरन्तर भएन भने आयोगबाट गर्नुपर्ने निर्णयहरू अवरुद्ध हुन पुग्छन् । विगतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा ४ वर्ष भन्दा बढी समयदेखि पूर्ण आयोग नहुनुले नै भ्रष्टाचार नियन्त्रणका लागि राजनीतिक समर्थनको अभाव रहेकोसमेत देखियो । त्यस्तै भ्रष्टाचार मुद्दामा सबैलाई[८१] समान व्यवहार लागु भएको पाइँदैन । ललिता निवास प्रकरणमा पनि अख्तियारको भूमिकाबारे केन्द्रीय अनुसन्धान ब्युरोले हाल छानबिन गर्नुपूर्व आफू नजिकका लाई उन्मुक्ति दिएको भन्ने छ ।[८२] यसरी भ्रष्टाचार जस्तो गम्भीर अपराधमा पनि जिम्मेवारी पाएको निकायको हर्कतले समाजलाई भ्रष्ट बनाउने अवस्था छ ।

---

[८१] Shrestha and Sapkota. 2018 (AD).

[८२] https://www.youtube.com/watch¿v=MdNeWs4vXWQ, time 8 minute; Retrieved 1st Aug. 2023.

त्यस्तै कतिपयले विगत कोभिडकालमा स्वास्थ्यसम्बन्धी उपकरण खरिदमा भएको भ्रष्टाचारसम्वन्धी छानबिनमा अख्तियारले साना माछा भनेर चित्रित गरिने रङ्गेहात पक्राउ, नक्कली प्रमाणपत्र र अन्य न्यून बिगोका भ्रष्टाचार मुद्दाका आरोपितमाथि ‘शून्य सहनशीलता’ को रणनीति अपनाउने अख्तियारले ठूला प्रकृतिका भ्रष्टाचार मुद्दामा भने ठीक उल्टो व्यवहार गरिरहेको भनेर अख्तियारको कार्यशैलीमा गम्भीर प्रश्न उठाएका छन् ।[८३]

यस संस्थाले गर्दै आएको स्टिङ अपरेसनलाई सर्वोच्च अदालतले गैरसंवैधानिक घोषणा गर्नुका साथै नियतमाथि पनि प्रश्न उठाएको छ । खोज पत्रकारिता केन्द्रले गरेको अध्ययनअनुसार स्टिङ अपरेसनले उच्च तहका कर्मचारीलाई नछोएर केवल तल्लो तहका कर्मचारीलाई मात्र अभियोजन गर्ने गरेको पाइएको छ ।[८४] यसरी पहुँचका आधारमा साना कर्मचारी मात्र लक्षित भएको खोज पत्रकारिता केन्द्रको अध्ययनले देखाएको र बारम्बार साना माछा मात्र जालमा पार्ने कार्यले पनि अख्तियारको शाख, नियत र व्यवहार सबै सन्देहको घेरामा छ । किनकि समाजमा पुग्ने क्षतिका आधारमा साना भन्दा ठूला भ्रष्टाचारको असर बढी हुन्छ ।

अख्तियारले संसदीय समितिले छानबिन गरी पठाएको प्रतिवेदनसमेत ठोस कारबाही नगरी यत्तिकै थन्क्याएर राख्ने गरेको छ । यसकारण अख्तियार ‘संसद्प्रति जवाफदेही नरहेको देखिने सांसदहरू नै बताउँछन् ।’[८५] ती मुद्दाहमध्ये कति त कोरोना सङ्कटकालमा नागरिकको जनस्वास्थ्यसँग सम्बन्धित थिए -

> *‘वाइडबडी विमान खरिद प्रकरण, कोरोनाकालमा स्वास्थ्य सामग्री खरिद प्रकरण, सेक्युरिटी प्रेस खरिद प्रकरण, वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमसहित विभिन्न ठुल्ठूला प्रकरणमा लेखा*

---

[८३] ज्ञवाली । २०७७ ।

[८४] ICJ CIAA traps small fish, lets big ones go available at https://www.nepalitimes.com/latest/ciaa-traps-small-fish-lets-big-ones-go, Published on 24 July 2020; Retrieved on 1st June 2024.

[८५] अनुरागी । २०७८ ।

*समितिले छानबिन गरेर भ्रष्टाचार भएको निष्कर्ष निकालेको थियो । ...तर ती फाइलहरूको छानबिन सम्पन्न गरेर अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गर्नुपर्नेमा हालसम्म पनि छानबिन सम्पन्न नहुँदा ती ठूला भ्रष्टाचार प्रकरणमा कारबाही हुन सकेको छैन ।'*[८६]

संसद्को सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सोबारेमा थप छानबिन गरेर दोषीलाई कानुनबमोजिम हदैसम्मको कारबाही गर्न भनी फाइल पठाएको भए पनि अख्तियारले सोउपर काम गरेको पाइएन । यसरी अख्तियारले आमनागरिकको जीवनसँग सम्वन्धित नीतिगत तहका ठूला ठूला भ्रष्टाचार मुद्दामा खासै प्रभावकारी अनुसन्धान तथा अभियोजन गर्न सकेको देखिएन ।

## राष्ट्रिय सतर्कता केन्द्र, प्रधानमन्त्री कार्यालय

भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचारजन्य कार्यहरूको मुहानमै नियन्त्रण गर्नका लागि यसको निगरानी गर्न प्रधानमन्त्रीको रेखदेखमा राष्ट्रिय सतर्कता केन्द्र स्थापना गर्न सकिनेसमेत व्यवस्था गरेको छ । नेपाल पक्षराष्ट्र रहेको भ्रष्टाचारविरुद्धको राष्ट्रसङ्घीय महासन्धि (अनकाक) को अनुपालन हुने गरी नेपालमा पनि कानुन निर्माण गरिएको छ। यस महासन्धि अनुपालन गर्ने गरी कार्यकारी निकाय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् भएकाले यस कार्यालयले कानुन र नीतिहरू तर्जुमा गरिरहेको छ ।[८७]

अनकाकको अनुपालनसम्बन्धी नेपालको फोकल प्वाइन्ट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नै हो। अनकाकअनुरूप कानुन बनाउँदा भ्रष्टाचारविरुद्ध अनुसन्धान तथा कारबाही सिफारिस गरिरहेको संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दायरा वृद्धि हुनेछ । अहिले अख्तियारको दायरा भ्रष्टाचारको सम्भावना रहेका ४० प्रतिशत क्षेत्रमा सीमित छ र बाँकी ६० प्रतिशत क्षेत्रमा यसको पहुँच छैन ।

---

८६ अनुरागी। २०७८।

८७ https://lawcommission.gov.np/np/wp-content/uploads/2021/03/; Retrieved 1 Falugn, 2079.

त्यस ६० प्रतिशत क्षेत्रमा बैङ्क तथा बिमालगायतका वित्तीय संस्था, सहकारी अनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी क्षेत्र पर्छन्। अनकाक कार्यान्वयनमा आएपछि अख्तियारको दायरा फराकिलो हुनेछ र नेपालले सन्धिजनित दायित्वका रूपमा रहेको भ्रष्टाचारविरुद्धको कारबाहीलाई तीव्र बनाउन मद्दत पुग्नेछ। तर अनकाक अनुपालन गराउनका लागि विभिन्न नयाँ कानुन निर्माण तथा विद्यमान कानुनको संशोधन आवश्यक हुन्छ। यसै सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसैअनुरूप कानुन र नीतिहरू तर्जुमा गरिरहेको हो। कानुन बनाउने क्रममा सरोकारवालाहरूसँगको व्यापक छलफल आवश्यक हुन्छ।

राष्ट्रिय सतर्कता केन्द्रको १८औँ बार्षिक प्रतिवेदन (आ. व. २०७७/०७८) अनुसार पछिल्लो ३ वर्ष अर्थात् आ.व. २०७५/०७६, २०७६/०७७, २०७७/०७८ मा उजुरी दर्ता सङ्ख्या क्रमश: १५३५, ७१५, ५२० रहेको र दर्ता उजुरी फर्स्योट दर क्रमश: ७५.१४ प्रतिशत, ६६.४६ प्रतिशत र ७०.३८ प्रतिशत छ।[८८] केन्द्रमा पर्ने उजुरीको प्रकृति फरक फरक हुने, सम्बन्धित निकायहरूबाट समयमा जवाफ प्राप्त नहुने तथा केन्द्रले सूचना सङ्कलन, अनुगमन गर्दै अनुसन्धान कार्य अगाडि बढाउनुपर्ने भएकाले शतप्रतिशत उजुरी फर्स्योट गर्न नसकिने अवस्था रहेको केन्द्रको भनाइ छ। यसरी उजुरी दुईतिहाइ बढी मात्रामा फर्स्योट हुँदा पनि मुलुक सुशासनको सूचकाङ्कमा निरन्तर ओरालो लाग्नुले उजुरीमार्फत प्राप्त समस्याको समाधान कर्मकाण्डीरूपमा मात्र गरिएको अथवा वास्तविक समस्या उजुरीमार्फत केन्द्रसमक्ष प्रस्तुत नै हुन नसकेको परिस्थिति भने देखिन आउँछ।

## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग[८९] सम्पत्ति शुद्धीकरण, आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी र अन्य विनासका हातहतियार विस्तार

---

[८८] सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग वार्षिक प्रतिवेदन, २०७८।०७९।

[८९] विभागको स्थापना नेपाल सरकारबाट ३१ असार २०६८ मा भएको हो।

(प्रोलिफेरेसन) मा सहयोग गर्न कुनै पनि प्रकारका गैरकानुनी कमाइ र योगदानविरुद्ध अनुसन्धान गर्ने सरकारी निकाय हो। सम्पत्ति शुद्धीकरण अर्थात गैरकानुनी रूपमा आर्जित धनलाई कानुनी ढङ्गले कमाएको देखाउन (मुद्रा निर्मलीकृत गर्न)[९०] का लागि रूप परिवर्तन गर्ने एक प्रक्रिया हो। सम्पति शुद्धीकरणले आर्थिक विकास घट्ने, विदेशी विनिमय दर र ब्याज दरमा गडबडी आउने मात्र नभई कारोबारका कानुनी पक्षहरू कमजोर हुने तथा यसको मूल स्वभावले नै राज्यको भ्रष्टाचार र भूमिगत वा अनौपचारिक अर्थतन्त्रविरुद्ध लड्ने शक्ति क्षय हुन जान्छ।

नेपालले नेपाल भित्रने वैदेशिक लगानी तथा अन्य लगानीका सबै पैसाको स्रोतको वैधानिकतामा सम्झौता गरेको भनी नेपालको वित्तीय क्षेत्र पटक-पटक अन्तर्राष्ट्रिय समुदायको निगरानीमा पर्ने गरेको छ।[९१] पृथ्वीबहादुर सिंहले नेपाल भित्र्याउन खोजेको डलर निर्मलीकृत मुद्रा (मोनी लाउन्डरिङ) भएको भनी अमेरिकाले आपत्ति जनाउनु यसको एउटा उदाहरण हो।

विभागमा आर्थिक वर्ष २०७९/८० मा कुल ७४२ वटा उजुरी परेको थियो जसमध्ये अनुसन्धानकारी निकायवाट सिफारिस भइआएको उजुरी सङ्ख्या १८ थियो।[९२] सो अवधिमा ११ वटा मुद्दामा अभियोजन भएको थियो भने ६७ वटा उजुरी अन्य निकायमा पठाइएको थियो।[९३] यसरी आयोगमा ठूलो मात्रामा उजुरी दिने प्रचलन देखिन्छ। यसरी उजुरी पर्नु सुशासनका लागि जरुरी भए पनि आधार र प्रमाण पर्याप्तविना उजुरी परे या परेनन् भन्ने एकिन भइसकेको अवस्था छैन। २०७८/७९ सम्म दर्ता भएका उजुरीको सङ्ख्या यस्तो छ[९४]-

---

[९०] मुद्रा निर्मलीकृत गर्ने अर्थात अवैध मुद्रा वा सम्पत्तिलाई बैध वनाउने प्रक्रिया वा मुद्रा निर्मलीकृत प्रक्रिया।


[९१] ढकाल। २०२३।

[९२] सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग। वार्षिक प्रतिवदेन २०७९/८०, पृ. ३९।

[९३] ऐ.ऐ.

[९४] सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग। वार्षिक प्रतिवदेन २०७८।०७९, पृ. ३२।

**विभागमा दर्ता भएका उजुरी**




यसरी विभागमा सबै भन्दा बढी उजुरी (३२७ वटा) आव २०७५/०७६ मा परेको थियो भने स्थापना भएको वर्ष २०६८/६९ मा सबैभन्दा कम उजुरी दर्ता भएको थियो। आर्थिक वर्ष २०७७/०७८ मा अनुसन्धानपश्चात् विशेष अदालतमा १४ वटा र २०७८/०७९ मा ३ वटा मुद्दा दर्ता गरिएको थियो।[९५] यसरी आर्थिक वर्ष २०७७/०७८ को तुलनामा आर्थिक वर्ष २०७८/०७९ मा झण्डै आधा मात्र उजुरी विभागमा दर्ता हुन आएको, विभागवाट विशेष अदालतमा अघिल्लो आर्थिक वर्षको तुलनामा १४ वटा

[९५] सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग। वार्षिक प्रतिवदेन २०७८।०७९, पृ. ३२।

अभियोजन दर्ता भएको र पछिल्लो वर्षमा जम्मा ३ वटा मात्र उजुरी दर्ता भएको देखिन्छ भने फर्स्योटको हिसाबले जम्मा ३ वटा मात्र भएको पाइयो। यसरी अत्यधिक उजुरी पर्ने, त्यसमध्ये एकदमै कम मात्रै अभियोजन हुने र त्यसमा एकदमै कम मात्र फैसला भएको देखिँदा अनुसन्धान तथा अभियोजन र फैसला चक्रमा कहीँ कहीँ त्रुटि रहेको देखिन्छ। अर्को विगो भन्दा २ गुना बढी जरिवाना कायम हुने कानुनी प्रणालीले पनि न्यायिक पद्धतिमा प्रश्न उठाउँछ किनकि अत्यधिक जरिवाना कायम गर्नु मात्रै भ्रष्टाचार नियन्त्रणको अचुक उपाय होइन । दोषीलाई उसको अपराधका लागि निरपेक्षरूपमा जिम्मेवार तुल्याउनुपर्छ न कि अत्यधिक जरिवाना तोकेर ।

## न्यायपालिका

भ्रष्टाचार नियन्त्रणमा न्यायपालिकाको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। नेपालमा भ्रष्टाचारसँग सम्बन्धित मुद्दा चलाउत नियमित अदालतको सट्टा विशेष अदालतको व्यवस्था छ। विशेष अदालतको व्यवस्थाले विशिष्टीकृत सेवा प्रदान हुन गई न्याय निरुपणमा शीघ्रता तथा व्यावसायिकता आउने अपेक्षा गरिएको हुन्छ । जुन मुलुकमा न्यायपालिका कम भ्रष्ट हुन्छ, त्यस मुलुकमा सुशासनको प्रत्याभूति ज्यादा हुन्छ । सर्वोच्च अदालत नागरिकका हक अधिकारको अन्तिम अभिभावक हो। सर्वोच्च अदालतले न्यायपालिकामा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवं बिचौलियाबाट हुन सक्ने क्रियाकलापहरू र त्यसको रोकथाम गर्नका लागि चाल्नुपर्ने उपायहरू सम्वन्धमा सर्वोच्च अदालतकै बहालवाला न्यायाधीशको संयोजकत्वमा गठित समितिले पनि न्यायपालिकाभित्र भ्रष्टाचार हुने गरेको स्वीकार गरेको छ।[९६] तसर्थ भ्रष्टाचार निवारणमा न्यायपालिकाको अहिलेका साखलाई दागमुक्त पार्न जरुरी छ ।

[९६] न्यायपालिकामा हुन सक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवं बिचौलियावाट हुन सक्ने क्रियाकलापहरू र त्यसको रोकथाम गर्नका लागि चाल्नुपर्ने उपायहरूका सम्बन्धमा पेस गरेको प्रतिवेदन, २०७८ सर्वोच्च अदालत, https://supremecourt.gov.np/web/assets/downloads/bikriti_bisangati_2078.pdf.

## संसदीय समिति

सार्वजनिक पदमा आसीन व्यक्तिलाई जवाफदेही वनाउन सबै भन्दा बढी भूमिका विधायकहरूको हुन्छ। उनीहरूले ऐनमा समय सापेक्षता अद्यावधिक गराउन मात्र नभएर आफू आबद्ध समितिलाई सक्रिय बनाएर सार्वजनिक जवाफदेहितामार्फत सुशासन कायम गर्न सबै भन्दा बढी महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । तर सङ्घीय संसद्का कतिपय सदस्य आफ्नो यो भूमिका बिर्सेर सस्तो लोकप्रियताका लागि देश दौडाहामा उत्साहित भएको अवस्था छ जसले संसद्को भूमिकालाई क्षयीकरण गर्छ। सङ्घीय संसद्का विभिन्न समितिमध्ये सार्वजनिक लेखा समितिको भूमिका महत्त्वपूर्ण हुन्छ। सरकारलाई निगरानी गर्नका लागि गठित संसद्का दुवै सभाका सदस्यहरू रहने गरी २६ सदस्यीय यो संयुक्त समिति गठन भएको छ। यो समितिले छानबिन गरी थप अनुसन्धान र मुद्दा दर्ताका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाएका ठूला भ्रष्टाचार प्रकरणका फाइलमाथिको अनुसन्धान लामो समयसम्म पनि निष्कर्षमा पुग्न सकेको छैन।[१७] त्यस्तै करिव साढे ३ वर्षयता “केही ठूला भ्रष्टाचार काण्डका विषयमा लेखा समितिले भ्रष्टाचार भएको निष्कर्षसहित आयोगमा पठाएको ३ वर्षसम्म पनि थप प्रगति भएको जानकारी समितिलाई प्राप्त भएको छैन।” यसरी सर्वोच्च निकाय संसद्को समितिको सिफारिससमेत अख्तियारले कारबाही गरिरहेको अवस्था छैन-

> *‘लामो समयसम्म पनि ती फाइलका सम्बन्धमा छानबिन नसक्दा अख्तियार संसद्प्रति जवाफदेही नरहेको देखिने सांसदहरू नै बताउँछन्। वाइडबडी विमान खरिद प्रकरण, कोरोनाकालमा स्वास्थ्य सामग्री खरिद प्रकरण, सेक्युरिटी प्रेस खरिद प्रकरण, वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमसहित विभिन्न ठुल्ठूला प्रकरणमा लेखा समितिले छानबिन गरेर भ्रष्टाचार भएको निष्कर्ष निकालेको थियो। थप छानबिन गरेर दोषीलाई कानुनबमोजिम हदैसम्मको कारबाहीका लागि लेखा समितिले*

---

[१७] अनुरागी। २०७८।

*अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा फाइल पठाएको थियो तर ती फाइलहरूको छानबिन सम्पन्न गरेर अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गर्नुपर्नेमा हालसम्म पनि छानबिन सम्पन्न नहुँदा ती ठूला भ्रष्टाचार प्रकरणमा कारबाही हुन सकेको छैन ।'*[९८]

यस्तो समितिबाहेक पनि संसद्ले विभिन्न आमसरोकारको विषयमा समेत समिति गठन गरेर प्रतिवेदन पेस गर्ने गरेको भए पनि यसउपर कम ध्यान दिने गरेको पाइन्छ । हाल सुन तस्करी गर्नेमध्येका कैयौँका नाम २०५५ सालमा संसद्मा गठित छानबिन समितिले गैरकानुनी सुन ओसारपसारमा संलग्न भनी नामै किटेको थियो ।[९९] समयमै संसदीय समितिको प्रतिवेदन कार्यान्वयन गर्न सकेको भए भ्रष्टाचार यसरी संस्थागत हुन सक्ने थिएन ।

समग्ररूपमा हेर्दा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संसद्, अदालत, राष्ट्रिय सतर्कता केन्द्र र सम्पत्ति शुद्धीकरण विभागको केही न केही भूमिका भए पनि ती पर्याप्त छैनन् । तर तुलनात्मकरूपमा हेर्ने हो भने अदालत र संसद्को तुलनामा अख्तियार, सतर्कता केन्द्र र सम्पत्ति शुद्धीकरण विभाग पछि परेका छन् । त्यति हुँदाहुँदै पनि भ्रष्टाचार नियन्त्रणसम्बन्धी अदालत र संसद्को भूमिकामाथि पनि कैयौँ प्रश्न उठेका छन् ।

## निष्कर्ष र सुझाव

नेपालको भ्रष्टाचारको अवस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०११ को प्रतिवेदनमा १०० अङ्कमा २२ अङ्कसहित १५४औँ स्थानमा रहेकामा[१००] त्यसको एक दशकपछि सन् २०२२ मा ११०औँ स्थानमा उक्लेर प्रगति गरे पनि[१०१] नेपालको पछिल्लो वर्षको औसत अङ्क ४३

---

[९८] अनुरागी । २०७८ ।

[९९] राजस्व चुहावट छानबिन समितिको प्रतिवेदन २०५५ ।

[१००] https://www.transparency.org/en/cpi/2011; Retrieved 9th Aug. 2023.

[१०१] नयाँ पत्रिका दैनिक । २०७९ माघ १७ । हेर्नुहोस् पाद टिप्पणी ४ ।

भन्दा थोरै तल छ। स्थानमा प्रगति भए पनि औषत अङ्क पनि प्राप्त गर्न नसक्नुले नेपालमा भ्रष्टाचार संस्थागत छ भन्ने देखाउँछ। त्यसैगरी सन् २०२३ मा नेपाल १०८औँ स्थानमा उक्लेको छ तर २ स्थान माथि उक्ले पनि जम्मा ३५ अङ्क पाएको छ जुन गत वर्षको तुलनामा १ अङ्क मात्र बढी हो। यसरी नेपालको स्थान निरन्तर सुध्रिएको देखिन्छ अर्थात् १८० देशमध्ये १०८औँ स्थानमा परेको छ।[१०२] यसरी नेपालले भ्रष्टाचार सूचकाङ्कमा केही न केही सुधार गरेको पक्ष ज्यादै नै सकारात्मक हो तर पनि औसत अङ्क पनि प्राप्त गर्न नसक्नुचाहिँ चिन्ताकै विषय नै हो।

नेपालमा भ्रष्टाचार निवारणका लागि संवैधानिक प्रतिवद्धता, विशिष्टीकृत ऐन तथा अनुसन्धान र अभियोजन तथा रोकथामका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गरी सम्बन्धित संस्था तथा संयन्त्रहरू क्रियाशील छन्। सो सम्बन्धमा रहेका मुख्य २ वटा ऐन २०४८ र २०५९ मा संशोधनमार्फत केही सुधार प्रयास भए पनि प्रस्तावित भ्रष्टाचार निवारण ऐन, २०५९ को संशोधन विधेयकमा सार्वजनिक सम्पत्ति दुरुपयोग गर्नेबाहेक अन्यमा थाहा पाएको मितिले ५ वर्षभित्र कारबाही गर्नुपर्ने भनी हदम्यादमा समयसीमा तोक्न खोजिएकोमा पछि लेखा समितिबाट सो व्यवस्था हटाइयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकमा नीतिगत भ्रष्टाचारका नाममा हुने ठूला ठूला भ्रष्टाचारका मामिलाबारे नियन्त्रक निकायले अनुसन्धान गर्न नपाइने गरी ऐनमा भएको व्यवस्थालाई परिमार्जन गरी यो व्यवस्था प्रदेशसम्म लैजाने प्रस्ताव राखिएको छ।[१०३] यसरी आयोगको क्षेत्राधिकार सङ्कुचित गर्न खोजिएको छ।[१०४] त्यस्तै खास तह, समूह वा निकायमा कार्यरत राष्ट्रसेवकलाई राजपत्रमा सूचना प्रकाशन गरी सम्पत्ति विवरण पेस गर्न

---

[१०२] Transparency International. Annual Corruption Perspective Index Report 2023.

[१०३] मैनाली। २०८०।

[१०४] ऐ.ऐ.

नपर्ने गरी तोक्न सक्ने व्यवस्थासमेत छ भने निजी क्षेत्रमा हुने भ्रष्टाचारको पनि क्षेत्राधिकारमा समेटेर नयाँ बोझ थप्ने काम भएको छ।[१०५]

नीतिगत निर्णयको नाउँमा निरपेक्ष उन्मुक्ति दिनुको कहींकतै औचित्य स्थापित हुँदैन। औचित्यहीन अपवादलाई मान्यता दिने संविधानको कुनै पनि आशय देखिँदैन। कस्ता कस्ता मुद्दामा कार्यकारी प्रमुखलाई उन्मुक्ति दिने हो भनेर भारतीय लोकपाल तथा लोक आयुक्त ऐन, सन् २०१३ ले भने जस्तै हाम्रो ऐनमा पनि समयसापेक्ष सुधार हुनुपर्छ। जवाफदेहिताको अभाव हुने गरी दिइने आमउन्मुक्तिले सुशासनको प्रत्याभूति गर्न सक्दैन।

भ्रष्टाचार निवारणमा विद्यमान संरचनाहरूको खासगरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको भूमिका कमजोर हुन पुगेको खण्डमा नेपाल अन्तर्राष्ट्रिय वित्तीय निगरानी सूचीमा परेमा सामान्य आयात/निर्यात जस्ता कारोबारमा समेत जटिलता आउन सक्ने हुनाले यो निकायलाई थप व्यावसायिक बनाउन जरुरी छ । साथै नेपालमा जरिवानाको प्रावधान मानव अधिकारमैत्रीसमेत छैन।

## सुझाव

- सार्वजनिक पदाधिकारीको सम्पत्ति निज सो पदमा आउनेबित्तिकै सार्वजनिक गर्ने र छोड्दा पनि सार्वजनिक गर्ने अनिवार्य व्यवस्था गरिनुपर्छ।
- जतिसुकै उच्च तहको पदाधिकारी किन नहोस्, ऊ आफ्नो जुनसुकै निर्णयप्रति उत्तरदायी र जवाफदेही बन्नैपर्छ भनेर उसले सर्तात्मकरूपमा सर्वोच्च कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई पनि भारतको लोकपाल ऐन, २०१३ को कार्यादेशभित्र समेटे जस्तै हाम्रो मुलुकमा पनि सबै सार्वजनिक पदाधिकारीलाई आफ्ना कार्यका लागि जिम्मेवार तुल्याउनुपर्छ।

---

[१०५] अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०४८ को तेस्रो संशोधन विधेयक वि. सं. २०७६ माघ ६ गते राष्ट्रिय सभामा सरकारी विधेयकका रूपमा टेबुल भएको हो। https://na.parliament.gov.np/uploads/attachments/d4wkwkgo3rrukmep.pdf.

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा भएको नीतिगत निर्णयमा भ्रष्टाचार मुद्दा नचल्ने भन्ने व्यवस्थाले सुशासनलाई चुनौती दिइरहेको छ । कस्ता कस्ता मुद्दामा कार्यकारी प्रमुखलाई उन्मुक्ति दिने हो भन्ने कुरा विस्तृत आधार र कारण खोलेर ऐनमा आवश्यक संशोधन गरी भारतीय लोकपाल तथा लोक आयुक्त ऐन, २०१३ ले व्यवस्था गरे जस्तै हाम्रो ऐनमा पनि समयसापेक्ष सुधार गर्नुपर्छ । जवाफदेहिताको अभाव हुने गरी दिइने आमउन्मुक्तिले सुशासनको प्रत्याभूति गर्न सक्दैन ।
- सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग कम व्यावसायिक भएको र अनुसन्धान एवं अभियोजनको भूमिकामा कमजोर हुन पुगेकाले सो निकायलाई थप व्यावसायिक बनाउन जरुरी छ ।
- सर्वसाधारण नागरिक, सार्वजनिक तथा लाभको पद धारण गरेका सबै व्यक्तिको सम्पूर्ण आम्दानी र खर्च पारदर्शी तुल्याउनुपर्छ ।
- वर्तमान अवस्थामा कर भुक्तानीको प्रक्रिया अत्यन्तै जटिल र समस्याग्रस्त भएकाले उपर्युक्त प्रक्रिया सरल र पारदर्शी गराइनुपर्छ जसले गर्दा जो कसैलाई आफूले तिर्नुपर्ने कर र आफूले तिरेको करबारे जानकारी सहजै प्राप्त गर्न सकियोस् ।
- अख्तियार दुरुपयोग अनसन्धान आयोगको छानबिन, अनुसन्धान र अभियोजन कहीँ कतै पनि आफ्नो र पराइ भनी गरिने परम्परा तथा व्यवहार अन्त हुनुपर्छ । आयोगले संसदीय समितिको निर्देशन तथा छानबिन प्रतिवेदनलाई नजरअन्दाज गर्ने, ठूला भ्रष्टाचारका मुद्दा पन्छाइ साना कर्मचारीलाई मात्र डण्डा चलाउने कार्य अन्त गरी ठूला मुद्दालाई पनि प्राथमिकताका साथ हेर्नुपर्छ ।
- साना साना विषय र ठूला भ्रष्टाचार मुद्दालाई एउटै नजरले हेर्दा साना भ्रष्टाचारी दण्डित भइहाल्ने तर ठूला भ्रष्टाचारीले कानुनी छिद्रको फाइदा लिने व्यवस्थाको अन्त गर्न विद्यमान ऐनमा नै संशोधन गर्न जरुरी छ ।
- समाजमा भ्रष्टाचारीलाई अस्वीकार एवं निषेध गर्ने सामाजिक मूल्य/मान्यता र अनुभूति विकास गर्न जरुरी छ ।

- कुनै अभियुक्त तथा अदालतबाट दोषी प्रमाणित व्यक्तिले समाजका अगाडि प्रायश्चित गर्छ भने उसलाई सुध्रने मौका पनि दिनुपर्छ । अन्यथा यसको परिणामस्वरूप पुँजी पलायन तथा दक्ष जनशक्तिको समेत अभाव हुन जानेछ ।

## सन्दर्भ सामग्री

### संविधान

नेपालको संविधान
अन्तरिम संविधान, २०६३
नेपाल अधिराज्यको संविधान, २०४७
नेपालको संविधान (२०१९)

### ऐन तथा अन्य कानुन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
अख्तियार दुरुपयोग अनुसन्धान आयोग अध्ययन प्रतिवेदन, २०७५
न्याय परिषद् ऐन, २०७३
पारस्परिक कानुनी सहायता ऐन, २०७०
भ्रष्टाचार निवारण ऐन, २०५९
राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९
राजस्व चुहावट छानबिन समितिको प्रतिवेदन २०५५, प्रतिनिधि सभा, नेपाल
विशेष अदालत ऐन, २०५९
सुपुर्दगी ऐन, २०७०
सङ्गठित अपराध निवारण ऐन, २०७०

### अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अभिसन्धि तथा घोषणापत्र र विदेशी कानुन

अमेरिकी महादेशीय भ्रष्टाचार विरोधी महासन्धि, सन् १९९६
अन्तर्राष्ट्रिय व्यावसायिक कारोबारका वैदेशिक अन्तर्राष्ट्रिय (सार्वजनिक कर्मचारी) लाई दिइने घुससम्बन्धी, ओइसिडी महासन्धि, सन् १९९७
भ्रष्टाचार विरोधी लिमा घोषणापत्र, सन् १९९७
भ्रष्टाचारसम्बन्धी फौजदारी कानुन महासन्धि, सन् १९९७ (युरोपेली परिषद्)
भ्रष्टाचारसम्बन्धी देवानी कानुन महासन्धि, सन् १९९७ (युरोपेली परिषद्)
भ्रष्टाचार रोकथाम र सो विरुद्ध लड्ने अफ्रिकी युनियनको महासन्धि, सन् २००३

भ्रष्टाचारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, सन् २००३
भारतीय संवैधानिक अदालतको मुद्दा नम्बर सिसिटी २७/००, फैसला मिति २८ अक्टोबर २००२।
सि.बि.आइ. मार्फत स्टेट अफ महाराष्ट्र वि. बालाकृष्ण दतात्रय कुम्भारसमेत, फैसला मिति १५ अक्टोबर २०१२)
युरोपेली महादेशीय सरकारी कर्मचारी भ्रष्टाचारमा संलग्न हुने कार्य विरोधी महासन्धि, सन् १९९७

## समाचार, लेख तथा पुस्तक

अनुरागी, अजय। २०७८ पुस ४। कहाँ पुग्यो, भ्रष्टाचार मुद्दाको अनुसन्धान ? लोकान्तर डटकम।
कार्की, टपेन्द्र। २०८० साउन १०। न्यायाधीश गौतममाथि अनुसन्धान गर्न प्रहरीले पाएन पुर्जी। नागरिक दैनिक।
कोइराला, सूर्यप्रसाद र अन्य। *सुशासनका लागि न्याय प्रशासनसम्बन्धी नवीन दृष्टिकोण*। काठमाडौँ : न्यु होराइजन पब्लिसर एन्ड डिस्ट्रिब्युटर।
खड्का, केदार। २०७७ मङ्सिर २४। भ्रष्टाचारविरुद्ध संस्थागत संरचना र प्रभावकारिता। नयाँ पत्रिका दैनिक ।
घिमिरे, चेतनाथ। २०६९। अम्बुड्म्यानसम्वन्धी अवधारणा : तुलनात्मक अध्ययन, सार्वजनिक व्यवस्थापन, *सोपान मासिक,* काठमाडौँ।
चापागाईं, राजुप्रसाद। २०८०, वैशाख २६। "नीतिगत भ्रष्टाचारको कानुनी जरा काट"। कान्तिपुर दैनिक।
जोशी, गणेशराज। २०८० वैशाख १२। भ्रष्टाचार समृद्धिको बाधक। नयाँ पत्रिका दैनिक।
ढकाल, सञ्जय। २२ जुलाइ २०२३। नेपालको वित्तीय क्षेत्र अन्तर्राष्ट्रिय समुदायको निगरानीमा किन पर्छ ?। बिबिसी नेपाली सेवा।
तिमिल्सिना, अङ्गराज। २०८० जेठ १६। सम्भव छ भ्रष्टाचार नियन्त्रण र सुशासन। कान्तिपुर दैनिक।
देवकोटा, खिमलाल। २०८० साउन ७। भ्रष्टाचारविरुद्धका कानुन परिमार्जन। गोरखापत्र दैनिक।
पहिलोपोष्ट। २०८० असार १५। गोपाल खड्कालाई एक वर्ष तीन महिना कैद : ९ करोड जरिवाना, श्रीमतीसहित अर्की महिलाको सम्पत्ति पनि जफत। https://pahilopost.com/content/20230630175704.html ; Accesed 30th July 2023
पौडेल, शरदचन्द। २०७७। *भ्रष्टाचार : कारण, परिणाम र नियन्त्रणका उपाय*। काठमाडौँ : साङ्ग्रिला बुक्स।

बन्जाडे, मोहन । २०८० । *सङ्गठित अपराधका रूपमा भ्रष्टाचार, सार्वजनिक व्यवस्थापन स्रोत सामग्री* । काठमाडौँ : सारथि अध्ययन तथा अनुसन्धान केन्द्र ।

भट्टराई, देवेन्द्र । २०८० वैशाख ३१ । अख्तियारमा उजुरी दिने र झिक्ने कोसिस । कान्तिपुर दैनिक ।

मैनाली, श्यामकुमार । २०८० असार १४ । भ्रष्टाचार प्रोत्साहन गर्ने कानुन ।

सप्तकोसी अनलाइन । २०७८ पुस १० । प्रेम राईका कारण अख्तियार विवादमा : उस्तै मुद्दामा विक्रम पाण्डेलाई मुद्दा, अच्युत खरेललाई उन्मुक्ति !

श्रेष्ठ, तेजमान । २०७७ वैशाख । महान्यायाधिवक्ता तथा राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेशबीचको द्वन्द्व कि छद्म विधायन । प्राची सचेतना द्वैमासिक ।

--- । २०७७) । "छद्म विधायन निर्माण र नेपाली अनुभव" संवैधानिक कानुन स्रोत सामग्री (परिमार्जित दोस्रो संस्करण) । काठमाडौँ : महान्यायाधिवक्ताको कार्यालय ।

ज्ञवाली, कृष्ण । २०७७ वैशाख २ । सानालाई थुन्ने, ठूलालाई नछुने । कान्तिपुर दैनिक ।

## Primary Authority

Convention on the Organization for Economic Co-operation and Development, 1960

Japanese Penal Code, 1907 as Law No. 45.

Lokpal and Lokayuktas Act, 2013 of India

UK Bribery Act, 2010

UK Criminal Finances Act, 2017

United Nations Convention Against Transnational Organized Crime, 2000

United Nations Convention Against Corruption, 2003.

## Article and Book

Bhattarai, Pranab. Civil society's role in curbing corruption, Republica, July 7, 2010

Panday, Devendra Raj. 2018. *The Idea of Integrety and the Universe of Corruption and Anti-Corruption.* RedInk Books.

Le Billon, P. Buying Peace or Fuelling War: The Role of Corruption in Armed Conflicts in *Journal of International Development* 15: 413-426. 2003.

Das, S.K. 2001. *Public Office, Private Interest: Bureaucracy and Corruption in India* (Delhi: Oxford, online edn,)

Shrestha, Tejman. Justiciability of Right to Food: A Case of Nepal. LLM Thesis, 2012, Nepal Law Campus, Faculty of Law, Tribhuvan University (Unpublished work)

Shrestha, Tejman & Sapkota, Tara P. "Role of Civil Society in Countering

Corruption: Nepalese Experience" in *International Journal of Legal Studies and Research (IJLSR,* The West Bengal National University of Juridical Science in association with South Asian University, New Delhi, Special Issue-June 2018 ISSN (O): 2278-4764 (Lead Author; pp212-238;

## Report

NORAD, Corruption and Anti-Corruption in Nepal: Lessons Learned for the Promotion

of Integrity (Norad Report 18/2011)

Transparency International. Annual Corruption Index Report, 2011

---. Annual Corruption Index Report, 2018

---. Annual Corruption Perspective Index Report 2022

---. Annual Corruption Perspective Index Report 2023

World Bank. Governance: *The World Bank's Experience, 1994,* The World Bank, Washington D.C.

## Online Materials

Action Institute. Available at https://www.acton.org/research/lord-acton,

Retrieved 30th July 2023.

GAIN INTEGRITY. https://ganintegrity.com/country-profiles/japan/; Retrieved 20th July 2023

https://www.globallegalinsights.com/practice-areas/bribery-and-corruption-laws-and-regulations/japan; Retrieved 20th July 2023

Piallay, Navi. The Human Rights Case Against Corruption, 27 March 2013; available at https://www.ohchr.org/en/stories/2013/03/human-rights-case-against-corruption; Accessed 2nd Oct. 2023

https://pahilopost.com/content/20230630175704.html; retrieved 30th July 2023

Singapore Corrupt Practices Investigation Bureau (CPIB); https://www.cpib.gov.sg/; Retrieved 10th June 2024

https://www.bbc.com/nepali/articles/c72jxzz427mo ; Accessed date 1st July, 2023

https://www.worldbank.org/en/news/opinion/2023/06/13/corruption-is-a-global-problem-for-development-to-fight-it-we-all-have-a-role-to-play ; Accessed date 1st July, 2023

UK Effects of corruption in the UK: In Focus, Published Tuesday, 04 October, 2022; https://lordslibrary.parliament.uk/effects-of-corruption-in-the-uk/; Retrieved 1st Aug 2023

# लेखक परिचय

**डा.कुन्दन अर्याल** : सहप्राध्यापक अर्याल पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालयका विभागीय प्रमुख तथा स्वतन्त्र पत्रकार हुन् ।

**चेतना कुँवर** : सेन्टर फर मिडिया रिसर्च-नेपालमा मिडिया अनुसन्धानमा संलग्न कुँवर काठमाडौं विश्वविद्यालयबाट विद्यावारिधि गर्दैछिन् ।

**जनार्दन नेपाल** : विभिन्न गैरसरकारी संस्थामा करिव दुई दशक अनुभव हासिल गरेका नेपाल विकास, परामर्श र अनुसन्धानको क्षेत्रमा सक्रिय छन् ।

**तिलक पाठक** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका पाठक पत्रकारिताको अध्ययन-अध्यापन र अनुसन्धान क्षेत्रमा सक्रिय छन् ।

**तेजमान श्रेष्ठ** : संवैधानिक कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा दख्खल राख्ने अधिवक्ता श्रेष्ठ नेपाल ल क्याम्पस, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक छन् ।

**दीपक अर्याल** : दुई दशकदेखि पत्रकारिता तथा मिडिया अध्ययन-अध्यापनमा सक्रिय अर्याल अनुसन्धान र लेखनमा संलग्न छन् ।

**डा. दिपेशकुमार घिमिरे** : भ्रष्टाचार र अविकास शीर्षकमा विद्यावारिधि गरेका घिमिरे त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका उपप्राध्यापक हुन् ।

**भुवन केसी** : दुई दशक पत्रकारिताको अनुभव सङ्गालेका केसी मिडिया, राजनीतिलगायत विषयको अध्ययन तथा अनुसन्धानमा सक्रिय छन् ।

**राजीवरञ्जन सिंह** : त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातक गरेका सिंह अनुसन्धानमा सक्रिय छन् ।

**सगुन लोथ्याल** : त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागमा स्नातकोत्तर तह अध्ययन गरेकी लोथ्याल सेन्टर फर मिडिया रिसर्च-नेपालमा इन्टर्नका रूपमा काम गरेकी थिइन् ।

**हरिबहादुर थापा** : वरिष्ठ पत्रकार थापा राजनीति, प्रशासन र संसदीय ममिलासम्बन्धी पुस्तक लेखन तथा अनुसन्धानमा सक्रिय छन् ।

www.research.butmedia.org

9 789937 171359 >